का.जि.प्र.का.द.नं. १००/०५२/६०
१४ कार्तिक २०८३
शनिबार
31 October 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



गैरकानुनी धरपकडमा सरकार

सोधपुछको नाममा दुई अधिकारी नियन्त्रणमा

दिनेश राजौरिया

कृष्णप्रसाद रिजाल

सुनकोसी-मरिण डाइभर्सनको ठेक्का प्रक्रियाबारे प्रश्न उठिरहेका बेला सिँचाइ विभागका महानिर्देशक र आयोजना निर्देशकलाई प्रहरीले नियन्त्रणमा लिएर प्रधानमन्त्री कार्यालयमा बुझाएको छ । पक्राउको औपचारिक कारण खुलेको छैन । चिनियाँ कम्पनीको ठेक्का रद्द गर्न दबाब दिइएको कर्मचारीहरूको दाबी छ ।

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १३ कात्तिक

सिँचाइ विभागका महानिर्देशक दिनेश रजौरिया र सुनकोसी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका निर्देशक कृष्णप्रसाद रिजाललाई बिहीबार प्रधानमन्त्री कार्यालयको निर्देशनमा प्रहरीले नियन्त्रणमा लियो। शुक्रबार उनीहरूलाई सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा ल्याएर सोधपुछ गरियो । तर, उनीहरूलाई नियन्त्रणमा लिनुको औपचारिक कारण अझै सार्वजनिक भएको छैन ।

प्रहरीले रजौरियालाई सिरहाको लहान र आयोजना प्रमुखसमेत रहेका सहसचिव रिजाललाई सिन्धुलीबाट पक्राउ गरी काठमाडौं ल्याएको थियो । सुनकोसी-मरिण डाइभर्सन आयोजनाको ठेक्का प्रक्रियासँग सम्बन्धित विषयमा उनीहरूलाई नियन्त्रणमा लिइएको बताइए पनि त्यसको आधिकारिक पुष्टि भएको छैन ।

उनीहरूलाई प्रहरी हिरासतमा नराखी प्रधानमन्त्री कार्यालयमै राखेर सोधपुछ गरिएको छ। नेपाल प्रहरीका एक अधिकृतले भने, 'पक्राउ गरेर हामीले काठमाडौं पठाएका थियौं । उहाँहरू अहिले प्रहरीको कुनै पनि युनिटमा हुनुहुन्न ।'

अर्का प्रहरी अधिकारीले पनि नियन्त्रणमा लिएर प्रधानमन्त्री कार्यालयमा बुझाइएको बताए । 'नियन्त्रण गरेर ल्याउनू भन्ने आदेश आएपछि सोहीअनुसार भएको हो, उहाँहरू अहिले हाम्रो हिरासतमा हुनुहुन्न, हामीले प्रधानमन्त्री कार्यालयमा बुझाएका हौं,' उनले मध्यान्हसँग भने ।

विशेष स्रोतका अनुसार प्रधानमन्त्रीका सल्लाहकार टोलीको निर्देशनमा उनीहरूलाई पक्राउ गरिएको हो ।

जलस्रोत तथा सिँचाइ विभागका सूचना अधिकारी रामप्रसाद पौडेलले पनि महानिर्देशक रजौरिया प्रधानमन्त्री कार्यालयमा रहेको पुष्टि गरे । 'हाकिमसाप कार्यालयमा हुनुहुन्न, उहाँ प्रधानमन्त्रीको कार्यालयमा जानुभएको छ भन्ने सूचना छ। छलफलको विषय के हो भन्ने जानकारी छैन,' उनले भने। पौडेलका अनुसार रजौरिया शुक्रबार विभागमा उपस्थित भएका थिएनन्।

विभागका अर्का एक अधिकारीका अनुसार रजौरियालाई प्रहरीको सहयोगमा प्रधानमन्त्री कार्यालयमा बोलाइएको थियो । उनले सरकारी कर्मचारीले कानुन उल्लंघन गरेको भए कानुनअनुसार कारबाही हुनुपर्ने बताए । 'सरकारले कानुन मिच्ने आफ्ना कर्मचारीलाई सोधपुछ मात्रै होइन, कानुनबमोजिम कारबाही गर्नुपर्छ,' उनले भने, 'तर पछिल्लो पटक फिल्डमै प्रहरी पठाएर सिधै प्रधानमन्त्री कार्यालयमा पुऱ्याएर लामो समय सम्पर्कविहीन बनाउनु गैरकानुनी कार्य हो ।'

मरिण डाइभर्सनको ठेक्का प्रक्रियामै विवाद

सुनकोसी-मरिण डाइभर्सन आयोजनाको ठेक्का प्रक्रियालाई लिएर उनीहरूलाई नियन्त्रणमा लिइएको सिँचाइ मन्त्रालयका एक उच्च अधिकारीले बताए । आयोजनाको नयाँ ठेक्का प्रक्रियामा तीन चिनियाँ कम्पनी प्राविधिक रूपमा योग्य ठहरिएका छन् । तर, प्रधानमन्त्रीको सचिवालयले ठेक्का पुनः रद्द गरेर नयाँ प्रक्रिया सुरु गर्न दबाब दिएको कर्मचारीहरूको भनाइ छ ।

आयोजनाका सूचना अधिकारी अशोक गौतमका अनुसार प्राविधिक प्रस्तावको मूल्यांकनपछि आर्थिक प्रस्ताव खोल्ने चरणमा ठेक्का प्रक्रिया पुगेको छ। 'असोज २७ गतेको द राइजिङ नेपालमा आर्थिक प्रस्ताव खोल्ने सूचना प्रकाशन गरी आवश्यक प्रक्रिया पुऱ्याएर बोलपत्र आह्वान गरेकोमा ६ वटा बोलपत्रदाताले सहभागिता जनाएका थिए । तीमध्ये तीनवटा पास भएका र पृष्ठ २ मा

कार्यशैलीमाथि प्रश्न

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसअघि पनि विभिन्न व्यक्तिलाई नियन्त्रणमा लिएर सोधपुछ गरेका घटनाले विवाद निम्त्याएका थिए । गत असोज १० गते मध्यरात पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई प्रधानमन्त्री कार्यालयकै निर्देशनमा पक्राउ गरिएको घटनाले चर्चा पाएको थियो । पक्राउ पुर्जीबिनै पक्राउ गरिएको भन्दै आलोचना भएपछि राणालाई १२ घण्टा नबित्दै छाडिएको थियो ।

त्यस्तै, प्रधानमन्त्रीले उपराष्ट्रपति कार्यालयका सचिव कृष्णहरि पुष्करलाई जेठ २१ गते नियन्त्रणमा लिएर करिब सात घण्टा सोधपुछपछि छाडेका थिए । प्रधानमन्त्री शाहलाई व्यक्तिगत सन्देश पठाएको विषयमा सोधपुछपछि उनलाई सचिवको जिम्मेवारीबाट अलग गरी जगेडामा राखिएको थियो । सोही अवधिमा अख्तियार पृष्ठ २ मा

समाचार कक्षमै प्रहरी हस्तक्षेप



नयाँ पत्रिकाको समाचार कक्षमा पत्रकारलाई पक्राउ गर्न पुगेका सादा पोसाकका प्रहरी ।


काठमाडौं/मस- नेपाल प्रहरीले शुक्रबार साँझ सञ्चारमाध्यमका समाचार कक्षमै प्रवेश गरी पत्रकारहरूलाई नियन्त्रणमा लियो । सादा पोसाकका प्रहरीले नेपाल प्रेस डटकमका पत्रकार विश्वमणि सुवेदीलाई पक्राउ गरेलगत्तै नयाँ पत्रिकाको समाचार कक्षमा पुगेर अपरध बिटमा समाचार लेख्दै आएका पत्रकार नवराज मैनालीलाई खोजी गऱ्यो । तर नयाँ पत्रिकाका सम्पादकसहित टिमले प्रहरीसँग पक्राउ पुर्जी मागेपछि केही विवाद गरेर सादा पोसाकका प्रहरी टोली फर्कियो । तीन घण्टा लामो बसाइपछि पनि पत्रकार मैनालीलाई नभेटेपछि प्रहरी टोलीलाई प्रहरी प्रधान कार्यालयको निर्देशनमा फिर्ता बोलाइयो ।

त्यस्तै, दियो पोस्ट अनलाइनको कार्यालयमा पनि प्रहरीले छापा मार्‍यो । प्रधानसम्पादक सुदीप विश्वकर्मा र समाचार संयोजक मदन ढुंगानालाई लिने प्रयास गरे पनि उनीहरू कार्यालयबाहिर निस्किसकेका थिए । त्यसअघि दिउँसै पत्रकार भोजराज बराल र धीरज बस्नेतलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। नेपाल प्रहरीले समाचार लेखेकै भरमा पत्रकारलाई एकैपटक पक्राउ गर्ने नियतमाथि चौतर्फी विरोध भएको छ । सत्तारूढ दल रास्वपासहित विपक्षी दलहरूले गैरकानुनी धडपकटको विरोध गरेका छन् । नेपाल प्रेस काउन्सिल, नेपाल पत्रकार महासंघ, नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल, प्रेस सेन्टरलगायत पत्रकारका संघ संस्थाहरूले प्रहरीको कार्यशैलीप्रति तीव्र आलोचना गरेका छन् । सरकारले पत्रकारलाई पक्राउ गर्न निर्देशन नदिएको दावी गरेको छ । प्रधानमन्त्रीको कार्यालयले पक्राउ पृष्ठ २ मा

जतिबेला देशमा राजनीतिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता र वाक्स्वतन्त्रता थिएन, त्यसबेला पनि राज्यले यो खालको धडपकट गर्दैनथ्यो । यो पञ्चायती शैलीभन्दा बढ्दा आतंक देखियो ।

■ राजेन्द्र दाहाल
पूर्वअध्यक्ष, प्रेस काउन्सिल नेपाल

चौतर्फी विरोधपछि पत्रकार रिहा



पत्रकार पक्राउका घटनाप्रति प्रेस काउन्सिल नेपालले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । काउन्सिलले विज्ञप्ति जारी गरी पक्राउको स्पष्ट कारण नखुलाइएको, पक्राउ पुर्जी नदेखाइएको, अदालतको अनुमति लिइएको नदेखिएको तथा अपराधको जाहेरी परेको विषयसमेत स्पष्ट नभएको अवस्थामा लगातार दुई दिन सार्वजनिक बिदा पर्नुअघि यसरी पत्रकारलाई नियन्त्रणमा लिइनु गम्भीर आपत्तिको विषय भएको उल्लेख गरेको छ । सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पृष्ठ २ मा

फेरिएको जुम्ला

गाउँमै सुरक्षित प्रसूति सेवा

गाउँमै बर्थिङ सेन्टर, विशेषज्ञ उपचार र चिकित्सा शिक्षाको विस्तारले जुम्लाको स्वास्थ्य क्षेत्रमा परिवर्तन ल्याएको छ । संस्थागत सुत्केरी बढेको छ, मातृशिशु स्वास्थ्यमा सुधार देखिएको छ । तर चिकित्सक अभाव र सेवामा असमान पहुँच अझै चुनौतीका रूपमा छन् ।



सागर परियार/मध्यान्ह
जुम्ला, १३ कात्तिक

तातोपानी गाउँपालिका-८ की २१ वर्षीया सानुका रावतलाई भदौ दोस्रो साता सुत्केरी बेथाले च्याप्यो । जुम्लाकै दुर्गम बस्ती सुर्की गाउँकी उनलाई केहीबेरमै ताम्ती स्वास्थ्य चौकी पुऱ्याइयो । त्यहीं उनी सुरक्षित रूपमा सुत्केरी भइन् । 'गाउँनजिकै बर्थिङ सेन्टरमा सुत्केरी हुँदा डर र पीडा भुल्न सकेकी छु,' उनी भन्छिन्, 'हामीजस्ता दुर्गमका महिलाका लागि यो सेवा ठुलो वरदान बनेको छ ।' डिस्चार्ज हुँदा सानुकाले तीन हजार आठ सय रुपैयाँ सुत्केरी प्रोत्साहन भत्ता पनि पाइन् ।

टोप्लाकी पुष्पा शाहीले पनि ताम्ती बर्थिङ सेन्टरमै बच्चा जन्माइन् । सुरुमा उनलाई गाउँको स्वास्थ्य संस्थामा गुणस्तरीय प्रसूति सेवा पाइने हो कि होइन, स्वास्थ्यकर्मी र आवश्यक उपकरण छन् कि छैनन् भन्ने चिन्ता थियो । तर बर्थिङ सेन्टरको सेवा, स्वास्थ्यकर्मीको व्यवहार र आधुनिक उपकरण पृष्ठ २ मा

बिरामी बोक्नेलाई भत्ता !



कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये जुम्लाको तातोपानी गाउँपालिकाले स्वास्थ्य सेवामा पहुँच बढाउन एउटा फरक कार्यक्रम ल्याएको छ । गाउँपालिकाले 'सुत्केरी तथा अन्य बिरामी बोक्नेलाई भत्ता' वितरण गर्ने कार्यक्रम सुरु गरेको हो । तातोपानीको दुर्गम भेरीखोला क्षेत्रमा लक्ष्यअनुसार संस्थागत सुत्केरी हुन अझै सकेका छैनन् ।

शतप्रतिशत संस्थागत सुत्केरी गराउने लक्ष्यसहित गाउँबाट सुत्केरीलाई बोकेर बर्थिङ सेन्टर पुऱ्याउने व्यक्तिलाई पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

वैदेशिक रोजगारमा नेपालको पहुँच गुम्दै

मध्यान्ह संवाददाता
काठमाडौं, १३ कात्तिक

प्रमुख श्रम गन्तव्य मलेसियाको रोजगारी बन्द हुँदा खाडी क्षेत्रका परम्परागत गन्तव्यमा पनि नेपाली श्रमिक जाने क्रममा ठुलो गिरावट आएको छ । यसले मलेसियासँग नेपालको बार्गेनिङ शक्तिलाई कमजोर बनाउने त होइन भन्ने प्रश्न उठाएको छ ।

नेपाली म्यानपावर कम्पनी छनोटमा विवाद भएपछि नेपाली कामदारको भर्ना निलम्बनमा परेको घटनालाई मलेसियाका सञ्चारमाध्यम महत्वका साथ समाचार प्रकाशन गर्न थालेका छन् ।

मलेसियाको प्रमुख सञ्चारमाध्यममध्येको एक 'दि स्टार'ले आफ्नो अनलाइन संस्करणमा अक्टोबर १ मा मलेसियाली मानव संसाधन मन्त्रालयले नेपाली श्रमिकको बायोमेडिकल स्वास्थ्य परीक्षण निलम्बन गरेपछि नयाँ कलिङ भिसा जारी गर्ने काम प्रभावकारी रूपमा रोकिएको उल्लेख गरेको छ ।

मलेसियामा विदेशी कामदार व्यवस्थापन गर्ने बेस्टिनेट एसडिएन बिएचडीद्वारा सञ्चालित विदेशी कामदार केन्द्रीकृत व्यवस्थापन प्रणालीमा भिसा प्रशोधनका लागि नेपालका ३६ मान्यता प्राप्त मेडिकल केन्द्रबाट स्वास्थ्य परीक्षण गरिएका रिपोर्ट आवश्यक पर्छ । बेस्टिनेटले मलेसियाद्वारा छनोट गरिएका २५ मुख्य र उनीहरू मातहतका १०/१० सहायक कम्पनी प्रणालीमा सक्रिय भएपछि पृष्ठ २ मा

अभिमुखीकरण व्यवसायी महासंघको साधारणसभा आज

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघको अध्यक्षका लागि ४ जना व्यवसायीले आकांक्षा देखाएका छन् । महासंघको १०औं साधारणसभा शनिबार हुँदै छ ।

महासंघको निवर्तमान र पूर्व नेतृत्व सहमतिमा जानुपर्ने पक्षमा रहेकाले प्यानल बनाउन चाहेका व्यवसायीहरू खुलेर प्रचारप्रसारमा लागेका छैनन् । हालसम्म विष्णु गोपाल गड्तौला, सन्तोष मादेन, लक्ष्मी लामिछाने र प्रेम बास्तोलाले अध्यक्षमा आकांक्षा देखाएको स्रोतको भनाइ छ ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सञ्चारगृहमा प्रहरी प्रवेशप्रति मिडिया एलायन्स नेपालको आपत्ति

काठमाडौं/मस- सञ्चार गृहभित्र प्रहरीको निर्बाध प्रवेश तथा सञ्चार संस्थाको व्यावसायिक र सम्पादकीय कार्यक्षेत्रमा हुन सक्ने हस्तक्षेपप्रति मिडिया एलायन्स नेपालले गम्भीर आपत्ति जनाएको छ । एलायन्सले प्रेस विज्ञप्ति जारी गर्दै सञ्चार गृहको संस्थागत मर्यादा, सम्पादकीय स्वतन्त्रता र स्वायत्तताको सम्मान गर्न सरकार तथा प्रहरी प्रशासनसँग माग गरेको हो ।

सञ्चार गृह नागरिकको सूचनाको हक सुनिश्चित गर्ने, लोकतान्त्रिक मूल्य-मान्यताको रक्षा गर्ने र राज्यका गतिविधिमाथि निगरानी राख्ने सार्वजनिक उत्तरदायित्व बोकेको संस्था भएको विज्ञप्तिमा उल्लेख छ । त्यसैले सञ्चार गृहको कार्यक्षेत्र र सम्पादकीय स्वतन्त्रताको सम्मान गर्नु राज्यका सबै निकायको दायित्व रहेको एलायन्सले जनाएको छ ।

कानुन कार्यान्वयन गर्ने जिम्मेवारी बोकेको प्रहरी प्रशासनले आफ्नो अधिकार प्रयोग गर्दा प्रचलित कानुनी प्रक्रिया, संवैधानिक व्यवस्था र प्रेस स्वतन्त्रताका आधारभूत मान्यताको पूर्ण पालना गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

कानुनी आधार, आवश्यक प्रक्रिया र उचित औचित्यबिना सञ्चार गृहमा प्रवेश गर्ने, सञ्चारकर्मीलाई त्रसित पार्ने वा समाचार संकलन, सम्पादन तथा प्रसारण प्रक्रियामा अवरोध सिर्जना गर्ने कार्य स्वीकार्य नहुने एलायन्सको भनाइ छ ।

'कानुनभन्दा माथि कोही पनि छैन भन्ने मान्यतासँगै कानुन कार्यान्वयन गर्ने निकाय पनि कानुनी सीमाभित्रै रहनुपर्छ,' विज्ञप्तिमा भनिएको छ, 'कानुन कार्यान्वयनको नाममा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गर्ने छुट कसैलाई छैन ।'

एलायन्सले सञ्चार गृहमा प्रहरी प्रवेश तथा अनुसन्धानका क्रममा प्रचलित कानुन र निर्धारित प्रक्रियाको पूर्ण पालना गर्न, सम्पादकीय स्वतन्त्रता र संस्थागत स्वायत्ततामाथि हस्तक्षेप हुने गतिविधि रोक्न तथा सञ्चारकर्मीलाई आफ्नो पेसागत जिम्मेवारी निर्वाध रूपमा निर्वाह गर्ने वातावरण सुनिश्चित गर्न माग गरेको छ । त्यस्तै, सञ्चार गृहमा भएको घटनाको निष्पक्ष छानबिन गरी आवश्यक कानुनी तथा संस्थागत जवाफदेहिता सुनिश्चित गर्न पनि सरकार, गृह मन्त्रालय र प्रहरी प्रशासनको ध्यानाकर्षण गराएको छ ।

लोकतन्त्रमा स्वतन्त्र प्रेस नागरिकको आवाज र सार्वजनिक जवाफदेहिताको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै एलायन्सले सञ्चार गृहलाई भय, दबाब र हस्तक्षेपमुक्त राख्नु राज्यको संवैधानिक तथा लोकतान्त्रिक दायित्व भएको जनाएको छ ।

'प्रेस स्वतन्त्रताको रक्षा गर्नु सञ्चार क्षेत्रको मात्र सरोकार होइन, लोकतन्त्रको रक्षासँग जोडिएको साझा दायित्व हो,' विज्ञप्तिमा भनिएको छ ।

गैरकानुनी...

दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा 'थुनेर' राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याललाई पक्राउ गर्न लगाइएको विषयमा पनि सरकारको आलोचना भएको थियो । यी घटनाबारे प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को महाधिवेशन उद्घाटन सत्रलाई सम्बोधन गर्दै आवश्यक पर्दा पाँच घण्टा मात्रै नभई पाँच वर्षसम्म पनि सोधपुछ गर्न सकिने बताएका थिए ।

प्रधानमन्त्री कार्यालयले फौजदारी अनुसन्धानका नाममा लगातार नियन्त्रण र सोधपुछका कदम चालेको भन्दै आलोचना भइरहेको छ । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले प्रधानमन्त्री कार्यालयले एकपछि अर्को गर्दै फौजदारी धरपकड गर्ने र कानुनी शासनको उल्लंघन गर्ने काम गरेको बताए । पूर्वप्रहरी अधिकृतहरूले पनि राजनीतिक नेतृत्वले जथाभावी पक्राउ गर्न लगाउँदा प्रहरीको व्यावसायिक छविमाथि प्रश्न उठ्ने टिप्पणी गरेका छन् ।

मरिण डाइभर्सनको सुस्त प्रगति

सुनकोसी-मरिण डाइभर्सन मधेस प्रदेशका पाँच जिल्लामा सिँचाइ सुविधा विस्तार गर्ने उद्देश्यले अघि बढाइएको राष्ट्रिय गौरवको आयोजना हो । धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराका करिब एक लाख २२ हजार हेक्टर जमिनमा बर्सैंभरि सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यसहित २०७७ सालमा यसको शिलान्यास गरिएको थियो । तर, आयोजना निर्माण सुस्त छ ।

यस परियोजनाअन्तर्गत सुनकोसी नदीको पानी सुरुङमार्फत कमलामाई नगरपालिकाको कुसुमटारस्थित मरिण खोलामा खसालेर त्यहाँबाट मरिण नदी हुँदै बागमती सिँचाइ आयोजनामार्फत तराईका खेतमा पुर्‍याउने योजना छ ।

बाँध निर्माणको १४ अर्ब सात करोड ५९ लाख रुपैयाँको ठेक्का पाएको कम्पनीले निर्माण सुरु गरेको ३० महिनामा जम्मा सात प्रतिशत काम गरेको थियो । यही ढिलाइलाई आधार बनाएर सरकारले पुरानो ठेक्का तोडेको थियो । हाल आयोजनाको समग्र भौतिक प्रगति करिब ३५ प्रतिशत पुगेको छ ।

मरिण...

उक्त ठेक्का कात्तिक १६ गते खोल्ने तयारी गरेका छौं,' उनले भने । सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-जिपी प्रणालीमार्फत अघि बढाइएको प्रक्रियामा योग्य ठहरिएका तीनवटै कम्पनीको आर्थिक प्रस्ताव खोल्ने तयारी गरिएको गौतमले बताए । योग्य कम्पनीमा मेसर्स चाइना इन्टरनेसनल वाटर एन्ड इलेक्ट्रिक कर्पोरेसन, बेइजिङ, चीन, मेसर्स एन्नेङ-आरसिसी जेभी र मेसर्स सिनोहाइड्रो कर्पोरेसन लिमिटेड, चीन छन् ।

मन्त्रालयका एक उच्च अधिकारीका अनुसार चिनियाँ कम्पनीलाई परेको ठेक्का रद्द गरेर भारतीय कम्पनीलाई दिनुपर्ने राजनीतिक दबाब छ । 'कर्मचारीमाथि प्रहरी नै पठाएर प्रधानमन्त्री कार्यालयले सोधपुछका नाममा दुःख दिनु खासै राम्रो भएन,' उनले भने ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ संयुक्त राष्ट्रसंघीय एसिया प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोगको पाँचौं मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन थाइल्यान्डको बैंककमा छन् । मन्त्री श्रेष्ठ स्वदेश फर्किएपछि आयोजनाको ठेक्काबारे थप छलफल गर्ने विभागको तयारी थियो ।

गत वर्ष कात्तिकमा तत्कालीन अन्तरिम सरकारका ऊर्जामन्त्री कुलमान घिसिङको कार्यकालमा पटेल-रमण जेभीसँगको ठेक्का तोडिएको थियो । त्यसयता नयाँ ठेक्का प्रक्रिया अघि बढे पनि निर्माणको जिम्मेवारी कसले पाउने भन्ने टुंगो लागेको थिएन । आयोजनाले सिभिल तथा हाइड्रोमेकानिकल संरचना निर्माणका लागि आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्रमा सहभागीमध्ये तीन कम्पनीलाई प्राविधिक रूपमा योग्य ठहर गरेको थियो ।

समाचारकक्षमै...

परेका पत्रकार छाड्न निर्देशन दिएको घटनाले प्रहरीमाथि थप आशंका उब्जिएको छ । प्रहरी कसको निर्देशनमा पत्रकारमाथि धडपकड गर्न गयो ? भन्ने प्रश्न गम्भीर बनेको नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले बताए ।

पत्रकारहरू अकारण पक्राउ गर्नुले लामो संघर्षपछि प्राप्त भएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, नागरिक तथा राजनीतिक अधिकार उल्ट्याउन राज्य नै लागेको नेपाल प्रेस काउन्सिलका पूर्वअध्यक्ष राजेन्द्र दाहालको आरोप छ । 'म जे देखिराखेको छु, यसले मलाई अचम्मित तुल्याएको छ,' उनले मध्यान्हसँग भने, 'जतिबेला देशमा राजनीतिक स्वतन्त्रता र प्रेस स्वतन्त्रता र वाक्स्वतन्त्रता थिएन, त्यसबेला पनि पत्रकारहरू थिए । तर राज्यले यो खालको धडपकड गर्दैनथ्यो । पक्राउ गर्दा कारण दिएर लान्थ्यो । तर अहिले अहिले जुन तरिकाले आतंक फैलाइएको छ, यो पञ्चायती शैलीभन्दा बढ्ता देखिन्छ ।' राज्यले नै नागरिक तथा प्रेस स्वतन्त्रता सिध्याउने र तिसौं वर्ष लामो संघर्षबाट प्राप्त उपलब्धि उल्ट्याउनतिर उद्यत भएको उनको टिप्पणी छ ।

चौतर्फी...

पार्टी (रास्वपा)का प्रवक्ता जगदीश खरेलले समाचार लेखेकै आधारमा पत्रकारलाई पक्राउ गर्ने, धरपकड गर्ने वा समाचार कक्षमा प्रवेश गरेर दबाब दिने कार्य पार्टीको नीति र सिद्धान्तविपरीत रहेको बताए । पत्रकारलाई समाचारकै विषयमा पक्राउ गर्ने वा सोधपुछका नाममा धरपकड गर्ने कार्य संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको समेत विपरीत हुने उनको भनाइ छ । 'पत्रकारलाई कुनै पनि बहानामा समाचारकै आधारमा पक्राउ गर्नुचाहिँ त्यो पार्टीको हाम्रो नीतिमा पनि छैन, सिद्धान्तमा पनि छैन,' उनले भने, 'नेपालको संविधानले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई जुन मौलिक अधिकारका रूपमा ग्यारेन्टी गरेको छ, त्यसको स्पष्ट पक्षमा पार्टी छ ।'

त्यस्तै, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले समाचार संकलन तथा सूचना सार्वजनिक गरेकै आधारमा प्रहरी परिचालन गरी पत्रकार पक्राउ गर्नु सर्वसत्तावादी प्रवृत्तिको पराकाष्ठा भएको बताए । पौडेलले समाचार सामग्रीप्रति आपत्ति वा असहमति भए त्यसको परीक्षण र निरूपण गर्ने कानुनी बाटो हुँदाहुँदै राज्यशक्तिको दुरुपयोग गरेर पत्रकारलाई हतोत्साहित पार्नु विधिको शासनविपरीत भएको उनको भनाइ छ । 'प्रश्न सोधेकै भरमा कलम चलाउने हातहरूमा हतकडी लगाउने दुस्साहसले सरकार स्वयंलाई निरंकुशताको कठघरामा उभ्याउँछ,' पौडेलले भने ।

नेकपा एमालेले सरकारले प्रेस स्वतन्त्रता माथि नांगो हस्तक्षेप गर्दै बिनाकारण पत्रकारमाथि धमाधम पक्राउ गर्नु अलोकतान्त्रिक कदम भएको भन्दै त्यस्ता गतिविधि रोक्न सरकारलाई खबरदारी गरेको छ । महासचिव शंकर पोखरेलले बिनापुर्जी नागरिकलाई पक्राउ गर्नु सर्वसत्तावादी अभ्यास भएको टिप्पणी गरेका छन् । त्यस्तै, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का प्रमुख सचेतक युवराज दुलालले समाचार लेखेकै आधारमा स्वतन्त्र पत्रकारितामाथिको हस्तक्षेप भन्दै तत्काल रोक्न सरकारसँग माग गरेका छन् ।

नेपाल बार एसोसिएसनका अध्यक्ष डा. विजयप्रसाद मिश्रले विभिन्न सञ्चारमाध्यमका समाचार कक्षमा प्रवेश गरेर पत्रकारहरूलाई पक्राउ गरिएको घटनाले शाही शासनकालको झल्को दिएको बताए । 'प्रहरी विभिन्न सञ्चारमाध्यमको समाचार कक्षमा गएर संवाददाता र अरू पत्रकारलाई पक्राउ गरेको खबर भर्खरै थाहा पाएँ । यो शाही शासनकालको झल्को दिने घटना हो,' मिश्रले भनेका छन् । सरकारका सञ्चार तथा सूचनाप्रविधिमन्त्री विक्रम तिमिल्सिनाले सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्धता रहेको भन्दै पक्राउ परेका सबै पत्रकार छुटेको बताएका छन् ।

फेरिएको...

देखेपछि उनी ढुक्क भइन् । 'धेरै महिला गाउँको बर्थिङ सेन्टरको भर नमानेर ऋण जोहो गरी सदरमुकाम, सुर्खेत, नेपालगन्ज पुग्छन् । गाउँमै नियमित चेकजाँचदेखि सुत्केरी हुँदा आफ्नो ज्यानसँगै धन पनि जोगियो,' उनी भन्छिन् ।

सानुका र पुष्पा मात्र होइनन्, तातोपानीका सुर्की, सर्मी, ताम्ती, टोप्ला, डुंग्री, बारागाउँ र गाडापारीलगायत गाउँका सयौं महिलाले गाउँमै गुणस्तरीय सेवा पाएपछि राहत महसुस गरेका छन् । जुम्लाका आठवटै स्थानीय तहका ६० वटै वडामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा छन् । यसले सामान्य बिरामी हुँदा पनि सदरमुकाम धाउनुपर्ने र महँगो खर्च गर्नुपर्ने बाध्यता कम गरेको छ । 'अहिले गाउँमै टाउको दुख्यो, ज्वरो आया औषधि पाइन्छ, निकै सजिलो भया छ,' तातोपानी गाउँपालिका-२ की लालकली दमाई भन्छिन्, 'पहिला यही औषधि ल्याउन दिनभरि हिँडेर ह्यापु पुग्नुपर्थ्यो, अहिले निकै सुबिस्ता भया छ ।'

जुम्लाका विकट स्वास्थ्य संस्थामा समेत आधुनिक उपकरण र दक्ष स्वास्थ्यकर्मीको सहयोगमा सुरक्षित प्रसूति सेवा उपलब्ध हुन थालेपछि महिलाको ज्यान जोगिनुका साथै आर्थिक भार पनि घटेको छ । उल्टै प्रोत्साहन भत्ता लिएर सुत्केरी घर फर्किने गरेका छन् । सरकारले स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई यातायात खर्चबापत तीन हजार रुपैयाँ र आठपटकसम्म गर्भ परीक्षण गरेबापत थप आठ सय रुपैयाँ उपलब्ध गराउँदै आएको छ । यस्तो सहुलियतले महिलालाई संस्थागत सुत्केरी हुन प्रोत्साहित गरेको छ ।

हाल जुम्लामा २९ बर्थिङ सेन्टर, ३० स्वास्थ्य चौकी र ६० आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा छन् । मातृशिशु मृत्युदर शून्यमा झार्ने र संस्थागत सुत्केरी दर बढाउने लक्ष्यमा स्थानीय तहका यी सेवाले योगदान गरिरहेका छन् । चन्दननाथ नगरपालिकामा एक, गुठिचौरमा दुई, हिमामा तीन, पातारासीमा चार, तातोपानीमा चार, सिँजामा चार, तिलामा पाँच र कनकासुन्दरीमा पाँच बर्थिङ सेन्टर सञ्चालनमा छन् ।

एक दशकअघि जुम्लामा सुत्केरी अवस्थाका महिलाले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था थियो । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएपछि यो अवस्थामा सुधार आएको छ । प्रतिष्ठानले उपलब्ध गराएको गुणस्तरीय स्वास्थ्य सेवाले आमा र नवजात शिशुको स्वास्थ्यमा सुधार ल्याएको छ । आकस्मिक अवस्थामा सरकारले हेलिकोप्टरमार्फत उद्धारको व्यवस्था गरेको छ भने प्रतिष्ठानमा उपलब्ध शल्यक्रिया सेवाले धेरै महिलालाई अकाल मृत्युबाट जोगाएको छ ।

प्रतिष्ठानले सिजेरियन सेक्सन (सिएस) विधिबाट गराउँदै आएको प्रसूति सेवा प्रभावकारी देखिएको छ । जटिल तथा जोखिमयुक्त अवस्थामा हुने सुत्केरीलाई लक्षित गरी गरिने शल्यक्रियाबाट धेरै महिलाको ज्यान जोगिएको छ । दक्ष चिकित्सक टोलीबाट सुरक्षित प्रसूति सेवा उपलब्ध हुँदा ग्रामीण क्षेत्रका महिलाले राहत पाएका छन् ।

प्रतिष्ठानको प्रसूति विभाग प्रमुख सविता खड्काका अनुसार जोखिमयुक्त अवस्थामा शल्यक्रियामार्फत सुरक्षित प्रसूति गराउने काम नियमित भइरहेको छ । सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत आवश्यक औषधि, सेवा र विशेषज्ञ चिकित्सकको उपस्थिति सुनिश्चित गरिएको छ ।

प्रतिष्ठानमा आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म ८३७ जनाको शल्यक्रियामार्फत सुत्केरी गराइएको छ । सो अवधिमा सामान्य सुत्केरी तीन हजार ५३१ र भ्याकुम प्रयोगबाट ४५ जनाको प्रसूति भएको छ । यसरी पाँच वर्षमा प्रतिष्ठानमा चार हजार ४४८ जना महिला सुत्केरी भएका छन् ।

जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले गर्भवती तथा सुत्केरी सेवा, नवजात शिशु स्याहार, घरभेट तथा मातृ र पेरिनेटल मृत्यु निगरानीलगायत कार्यक्रम सञ्चालन गरिरहेको छ । गाउँगाउँमा बर्थिङ सेन्टर स्थापना र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवाले जुम्लाको स्वास्थ्य सूचक सुधार्न योगदान गरेको छ ।

संस्थागत सुत्केरी बढाउन गर्भवतीलाई नियमित जाँच, स्वास्थ्य संस्थामा प्रसूति र सुत्केरीपछिको सेवासँग जोड्ने कार्यक्रम सञ्चालनमा छन् । पोषण सुधारलाई पनि प्राथमिकता दिइएको छ । जनस्वास्थ्य सेवा कार्यालयले परिवारको पोषण लेखाजोखा, बालबालिकाको वृद्धि अनुगमन तथा विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम सञ्चालन गरिरहेको छ ।

गाउँमै पाठेघरको उपचार

प्रतिष्ठानमा सुरक्षित प्रसूति

आर्थिक वर्ष	सामान्य सुत्केरी	भ्याकुम प्रयोग	शल्यक्रिया	जम्मा	शल्यक्रिया दर %
२०७६/०७७	६४९	९	१२८	७८६	१६.३२
२०७७/०७८	६८७	९	१४७	८४९	१७.३१
२०७८/०७९	८२३	१५	१६३	९८८	१६.४९
२०७९/०८०	७१३	९	२१४	९७९	२१.८५
२०८०/०८१	६५९	३	१८५	८४६	२१.८६
जम्मा	३,५३१	४५	८३७	४,४४८	१८.७४

स्रोत : कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

जुम्लाका केही स्थानीय तहले महिलामा देखिने पाठेघर खस्ने समस्याको उपचार पनि गाउँमै उपलब्ध गराएका छन् ।

हिमा गाउँपालिका-४ सिम्तलीकी ४७ वर्षीया नन्दरूपा बुढा करिब नौ वर्षदेखि पाठेघर खस्ने समस्याबाट पीडित थिइन् । घरको आर्थिक अवस्था कमजोर भएकाले उनले समयमै उपचार गराउन सकिनन् । गाउँघरमा कसैलाई आफ्नो समस्या भन्नसमेत सकेकी थिइनन् ।

समय बित्दै जाँदा पाठेघरमा संक्रमणको जोखिम बढ्यो । आर्थिक अवस्था र चेतनाको कमीका कारण बाहिर गएर उपचार गराउन डराइरहेकी नन्दरूपाले गाउँमै शल्यक्रिया गर्ने अवसर पाइन् । अहिले उनी स्वस्थ महसुस गर्छिन् । 'गाउँमै मेरो उपचार होला भन्ने सोचेकी थिइनँ, सहजै उपचार भयो । अहिले पहिलेजस्तो दुखाइ छैन । एक पैसा नतिरेर गाउँमै उपचार गराउन पाउँदा निकै खुसी छु,' उनी भन्छिन् ।

हिमा-३ की ५७ वर्षीया पुष्पा रोकायाले पनि ६ वर्षदेखि भोग्दै आएको पाठेघर खस्ने समस्याबाट मुक्ति पाएकी छन् । गाउँमै उपचार नहुँदा उनले पनि लामो समय रोग लुकाएकी थिइन् ।

नन्दरूपा र पुष्पाजस्ता ग्रामीण महिलाको समस्यालाई ध्यानमा राखेर हिमा गाउँपालिकाले चार वर्षमा सातभन्दा बढी स्वास्थ्य शिविर सञ्चालन गरेको छ । ती शिविरबाट हजारौं नागरिकले सेवा पाएका छन् । गाउँपालिकाले हालसम्म १७१ जना महिलाको पाठेघरको क्यान्सरको उपचार निःशुल्क गराएको छ ।

हिमा गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर शाही ग्रामीण क्षेत्रमा बालविवाह र महिलाको कार्यबोझ कायमै रहेकाले पाठेघरसम्बन्धी समस्या देखिने गरेको बताउँछन् । उनका अनुसार दुर्गम गाउँमा विशेषज्ञ सेवा पुग्दा गरिब तथा विपन्न महिलालाई ठुलो राहत भएको छ ।

नेपालमा प्रत्येक वर्ष करिब दुई हजारदेखि २५ सय महिलामा पाठेघरको मुखको क्यान्सर देखिने र करिब १३ सयदेखि १५ सय महिलाको यही रोगका कारण मृत्यु हुने तथ्यांक छ । हिमाले विभिन्न रोगको उपचारका लागि हालसम्म १२ वटा शिविर सञ्चालन गरेको छ । ती शिविरबाट करिब १० हजार नागरिकले गाउँमै उपचार पाएका छन् ।

बिरामी...

प्रोत्साहन भत्ता दिने नीति ल्याइएको गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईं बताउँछन् । यसका लागि गाउँपालिकाले कार्यविधि बनाएर कार्यपालिकाबाट स्वीकृत गरिसकेको छ । यो निर्णयले स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाउनुका साथै भौगोलिक कठिनाइबीच सेवा गर्ने युवालाई पनि राहत पुग्ने अपेक्षा गरिएको छ । तातोपानी गाउँपालिका स्वास्थ्य शाखा संयोजक गुरुप्रसाद चौलागाईंका अनुसार स्वास्थ्य प्रणाली सुधार गरी स्वच्छ पालिका र स्वस्थ नागरिक बनाउने उद्देश्यले महिला स्वास्थ्य स्वयंसेविकालाई हरेक महिना एक दिन घरदैलोमा पठाउने गरिएको छ । उनीहरूसँग प्रत्यक्ष संवाद गर्न मोबाइलसमेत वितरण गरिएको छ ।

जुम्ला अब स्वास्थ्य-शिक्षा हब

दाङकी वर्षा डाँगी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बिएस्सी नर्सिङ अध्ययन गर्दै छिन् । चिकित्सा शिक्षा अध्ययनका लागि दाङबाट हिमाली जिल्ला जुम्ला आउने उनी एक्ली विद्यार्थी होइनन् । मधेश प्रदेशको गर्मीमा हुर्किएकी कृति यादव पनि एमबिबिएस अध्ययनका लागि जुम्ला पुगेकी छन् । प्रतिष्ठानको पठनपाठनबाट प्रभावित भएर उनी रौतहटबाट जुम्ला आएकी हुन् ।

पूर्वी झापाकी सृष्टि थापामगर पनि जुम्ला आएर पढ्न पाउँदा उत्साहित छिन् । काठमाडौं वा पोखराको कोलाहलपूर्ण वातावरणभन्दा जुम्ला अध्ययनका लागि उपयुक्त रहेको उनीहरूको भनाइ छ । नवलपरासीका सागर विश्वकर्माको बुझाइ पनि उनीहरूको भन्दा फरक छैन । दुर्गम क्षेत्रमा सेवा गर्ने इच्छासहित उनी जुम्ला आएका हुन् । 'प्रतिष्ठानबाट डाक्टर बनेर विकट ठाउँमा सेवा गर्न चाहन्छु, यहाँको वातावरणले मलाई आत्मविश्वास दिएको छ', उनी भन्छन् ।

लमजुङकी कोसिका रानाभाट पनि प्रतिष्ठानमा बिएस्सी नर्सिङ पढ्दै छिन् । प्रतिष्ठानले पछिल्लो समय पठनपाठनमा देशमै उत्कृष्टता हासिल गरिरहेको शिक्षाध्यक्ष तथा निमित्त उपकुलपति डबलबहादुर धामी बताउँछन् । 'विकटमा रहेको यो प्रतिष्ठान अहिले देशभरका विद्यार्थीको रोजाइको केन्द्रविन्दु बनेको छ,' उनी भन्छन् ।

मधेश प्रदेशको सिरहाकी डाक्टर कविता साह दुई वर्षदेखि प्रतिष्ठानमा प्रसूति तथा स्त्रीरोग विशेषज्ञका रूपमा कार्यरत छन् । उनले प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीलाई अध्यापनसमेत गराउँदै आएकी छन् । मधेशकी भए पनि उनले कर्णाली र सुदूरपश्चिमका पहाडी तथा हिमाली जिल्लामा स्वास्थ्य सेवा दिँदै आएकी छन् ।

उनका अनुसार अध्ययनका हिसाबले जुम्ला निकै उत्कृष्ट छ । सडक र नियमित हवाई सेवाको सुविधा थप राम्रो भए अध्ययनका लागि यहाँको वातावरण स्वर्गजस्तै हुने उनको भनाइ छ । चिसो हावापानी र प्रदूषणरहित वातावरणले अध्ययनमा सहजता थपेको छ ।

प्रतिष्ठानमा पाँच सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । उनीहरूमध्ये अधिकांश कर्णालीबाहिरका छन् । भारतबाट समेत दुई छात्रा र एक छात्र अध्ययनका लागि आएका छन् । दुवै छात्रा जम्मु-कश्मीरका हुन् भने छात्र उत्तर प्रदेशको अल्लाहपुरका हुन् ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबिबिएस, एमडी-एमएस, एमएचपी, एम-फार्मा, एमएनलगायत चिकित्सासम्बन्धी विषय पढाइ हुन्छन् । चिकित्सा शिक्षा आयोगको निरीक्षणपछि सुरुको वर्ष एमबिबिएसमा २० सिट दिइएको थियो । दोस्रो र तेस्रो ब्याचमा ३०-३० तथा चौथो र पाँचौं ब्याचमा ५०-५० सिट निर्धारण गरिएपछि पाँच ब्याचमा १८० विद्यार्थी अध्ययनरत छन् ।

प्रतिष्ठानमा चारवटा महाविद्यालय स्थापना भएपछि स्कुल अफ मेडिसिन, स्कुल अफ फार्मेसी, स्कुल अफ पब्लिक हेल्थ र स्कुल अफ नर्सिङमा स्नातकोत्तर कार्यक्रमसमेत सुरु गरिएको छ ।

स्कुल अफ मेडिसिनअन्तर्गत सन् २०२१मा एमडिजिपी, पेडियाट्रिक र एनेस्थेसिया विषय सुरु भए । सन् २०२२ मा एमएस अर्थोपेडिक तथा ट्रमा सर्जरी, एमडी मेडिसिन र एमबिबिएस कार्यक्रम अघि बढाइयो । सन् २०२४ मा एमडी जनरल सर्जरी र एमडी एनाटोमी सुरु गरियो । स्कुल अफ पब्लिक हेल्थअन्तर्गत सन् २०२३ मा मास्टर इन पब्लिक हेल्थ (एमएचपी) पढाइ सुरु भएको थियो ।

त्यसैगरी, स्कुल अफ फार्मेसीअन्तर्गत सन् २०२२ मा बिफार्मा र मास्टर इन फर्माकोलोजी तथा सन् २०२४ मा मास्टर इन फर्माकोग्नोसी एन्ड फाइटोकेमेस्ट्री सुरु गरियो । स्कुल अफ नर्सिङअन्तर्गत बिएस्सी नर्सिङ र सन् २०२४ मा मास्टर इन डब्लुएचडी/मेन्टल हेल्थ नर्सिङ, मास्टर इन एडल्ट/मेडिकल सर्जरी नर्सिङ र मास्टर इन पेडियाट्रिक/चाइल्ड हेल्थ नर्सिङ सुरु गरिएको छ ।

यसरी तीनवटा स्कुलअन्तर्गत स्नातकोत्तर तहका ११ विषयमा पाँच सिटबाट सुरु भएको अध्यापन क्षमता बढेर २६ सिट पुगेको छ ।

कर्णाली तथा दुर्गम क्षेत्रका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा र चिकित्सा शिक्षा उपलब्ध गराउने लक्ष्यसहित प्रतिष्ठानले थप योजना अघि बढाएको छ । स्नातक र स्नातकोत्तर तहका कार्यक्रममार्फत विशेषज्ञ जनशक्ति उत्पादनमा जोड दिइएको छ । दैलेखको राकम कर्णालीमा ५० शय्याको स्याटेलाइट अस्पताल स्थापना गरी स्थानीय तहमा सेवा विस्तार गर्ने तयारी पनि भइरहेको छ ।

प्रतिष्ठानमा स्वास्थ्य सेवा लिनेको संख्या पनि बढ्दै गएको छ । आर्थिक वर्ष २०७७/७८ मा ५३ हजार ७४६ जनाले सेवा लिएका थिए । २०७८/७९ मा यो संख्या ८२ हजार ७७६, २०७९/८० मा एक लाख ११ हजार ४१६ र २०८०/८१ मा एक लाख ४१ हजार ५२० पुगेको थियो । आर्थिक वर्ष २०८१/८२ मा एक लाख ७५ हजारभन्दा बढीले सेवा लिएको प्रतिष्ठानको तथ्यांक छ ।

जलवायु परिवर्तनलाई ध्यानमा राख्दै जलवायु सहनशील स्वास्थ्य प्रणाली निर्माण, स्वास्थ्य पूर्वाधार स्तरोन्नति, प्रयोगशाला र छात्रावास विस्तार तथा हवाई र सडक पहुँच सुधारका योजना पनि अघि सारिएका छन् । अनुसन्धान, अन्तर्राष्ट्रिय साझेदारी, जडीबुटी र हिमाली स्वास्थ्य सेवामा केन्द्रित नयाँ पहलले कर्णालीमा दिगो, पहुँचयोग्य र जनमैत्री स्वास्थ्य सेवा विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

स्वास्थ्य सूचकमा सुधार, चुनौती कायमै

जनस्वास्थ्य सेवा कार्यालय जुम्लाबाट प्राप्त तथ्यांकअनुसार कर्णालीका बालबालिकाको कुपोषणमा उल्लेख्य सुधार आएको छ । सन् २०१६ मा पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपन ५४.९ प्रतिशत रहेकामा सन् २०२२ मा घटेर ३६.३ प्रतिशतमा झरेको छ । अर्थात् १८.६ प्रतिशत विन्दुले कमी आएको छ । प्रदेशगत तुलना गर्दा सन् २०१६ देखि २०२२ सम्म पुड्कोपन घट्ने दर कर्णालीमा सबैभन्दा बढी देखिएको छ । पाँच वर्षमुनिका बालबालिकामा दुब्लोपन करिब चार प्रतिशत छ ।

सन् २०२२ सम्म पूर्ण खोप पाउने बालबालिकाको संख्या ८४ प्रतिशत थियो । अहिले शतप्रतिशत बालबालिकाले खोप पाइरहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

कर्णालीमा संस्थागत सुत्केरी हुने दरमा पनि सुधार आएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० मा ८३ प्रतिशत, २०८०/८१ मा ७२ प्रतिशत र २०८१/८२ मा ८५ प्रतिशत संस्थागत सुत्केरी भएका छन् । पछिल्लो वर्ष ७२ बाट बढेर ८५ प्रतिशत पुगेको यो दर सेवा पहुँच विस्तारको महत्त्वपूर्ण संकेत हो । बर्थिङ सेन्टर, दक्ष स्वास्थ्यकर्मी र मातृ-नवजात सेवा विस्तारले यसमा योगदान गरेको छ ।

सन् २०२२ मा कर्णालीमा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रतिहजार जीवित जन्ममा ४६ थियो । आर्थिक वर्ष २०८१/८२ सम्म आइपुग्दा नवजात मृत्युदर प्रतिहजार जीवित जन्ममा २६ मा झरेको छ । राष्ट्रिय जनगणना २०७८ तथा सन् २०२१ को मातृमृत्यु प्रतिवेदनअनुसार कर्णालीको मातृमृत्यु अनुपात प्रतिलाख जीवित जन्ममा १७२ छ ।

कर्णालीको स्वास्थ्य क्षेत्र सुधारको बाटोमा रहे पनि नागरिकको पहुँच र सेवा विस्तार अझै पर्याप्त हुन सकेको छैन । चिकित्सकको अभाव, संस्थागत सुत्केरी दरमा उतारचढाव र पोषण सुधारका चुनौती कायमै छन् ।

कर्णाली प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका सूचना अधिकारी पदमबहादुर केसीका अनुसार प्रदेशको १६ लाख ९४ हजार ८८९ जनसंख्याका लागि १८४ चिकित्सकको दरबन्दी रहेकामा १५२ रिक्त छन् । विशेषज्ञ चिकित्सकतर्फ ७० दरबन्दीमध्ये ६० रिक्त छन् । सबै दरबन्दी पूर्ति भएको अवस्थामा पनि नौ हजार दुई सय जनसंख्याबराबर एक चिकित्सक मात्र उपलब्ध हुने अवस्था छ ।

वैदेशिक...

मात्र बायोमेडिकल दर्ता प्रक्रिया अगाडि बढ्ने व्यवस्था गरिएको बताएको छ । तर नेपालले २५ एजेन्सीको छनोट मलेसियाको एकतर्फी निर्णय र नेपाली कानुनविपरीत भएको भन्दै आपत्ति जनाएर उनीहरूमाथि कानुनी कारबाही सुरु गरेको छ । मलेसियासँगको यो विवाद मध्यपूर्वमा जारी भूराजनीतिक अस्थिरताले परम्परागत श्रम बजारलाई प्रभावित गरिरहेको अवस्थामा देखिएको छ ।

समाचारमा 'दि स्टार'ले अघिल्ला वर्षहरूको तुलनामा प्रमुख खाडी गन्तव्यका लागि नेपाली श्रमिकको प्रस्थान ५२.१२ प्रतिशतले घटेको उल्लेख गरेको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार संयुक्त अरब इमिरेट्स (युएई)मा ५९.०५ प्रतिशत, साउदी अरबमा ५७.०२ प्रतिशत, कतारमा ३५.०८ प्रतिशत, कुवेतमा ४२.९३ प्रतिशत र बहराइनमा ४५.४९ प्रतिशतले घटेको छ ।

गत आर्थिक वर्ष मलेसियाले १ लाख ३२ हजार नेपाली कामदारलाई रोजगारी दिएको थियो । त्यसले क्षेत्रीय युद्धका कारण अस्थिर बनेको खाडी क्षेत्रको श्रम बजारका लागि महत्वपूर्ण विकल्प प्रदान गरेको थियो । रोजगार विज्ञहरूले मलेसियामा पहुँच गुमाउनुले नेपालको आर्थिक स्थिरतामा गम्भीर क्षति पुर्‍याउने बताएका छन् ।

दुग्ध विकास संस्थानमा १२ करोड बढीको अनियमितता

तत्कालीन महाप्रबन्धकसहित ८ जना पक्राउ

काठमाडौं/मस– सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी) मा १२ करोड रुपैयाँभन्दा बढी गैरकानुनी लाभ लिई संस्थानलाई आर्थिक हानि पुऱ्याएको आरोपमा तत्कालीन महाप्रबन्धकसहित आठ जना पक्राउ परेका छन् ।

प्रहरीले आपराधिक विश्वासघात तथा संगठित अपराधसम्बन्धी कसुरमा संलग्न रहेको आरोपमा संस्थानका तत्कालीन महाप्रबन्धक, प्रशासनिक तहका अधिकारी, चिस्यान केन्द्रका तत्कालीन प्रमुख तथा कर्मचारीलाई पक्राउ गरेको हो ।

प्रहरीका अनुसार संस्थानका तत्कालीन महाप्रबन्धक तथा कर्मचारीहरूको मिलेमतोमा गैरकानुनी रूपमा आर्थिक लाभ लिई संस्थानलाई गम्भीर आर्थिक हानि पुऱ्याइएको भन्ने उजुरीका आधारमा प्रारम्भिक अनुसन्धान गरिएको थियो ।

अनुसन्धानका क्रममा तत्कालीन महाप्रबन्धक, प्रशासनिक उच्च तहका अधिकारी, चिस्यान केन्द्रका प्रमुख तथा कर्मचारीहरूले पूर्वयोजनाअनुसार विभिन्न समूह खडा गरी संगठित सञ्जालका रूपमा काम गरेको प्रारम्भिक रूपमा खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार उक्त कार्यबाट संस्थानलाई प्रत्यक्ष रूपमा १२ करोड १३ लाख ४३ हजार ५३० रुपैयाँ आर्थिक हानि पुऱ्याई सोही बराबरको गैरकानुनी लाभ लिएको प्रारम्भिक अनुसन्धानबाट पुष्टि भएको छ ।

यस प्रकरणमा मुलुकी अपराध संहिता, २०७४ को आपराधिक विश्वासघात गर्न नहुने कसुर तथा संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिएर प्रहरीले २०८३ कात्तिक १३ गते विभिन्न स्थानबाट आठ जनालाई पक्राउ गरेको हो ।



को–को परे पक्राउ ?

पक्राउ पर्नेमा दुग्ध विकास संस्थानका तत्कालीन महाप्रबन्धक सञ्जीव झा पहिलो नम्बरमा छन् । सर्लाहीको बलरा नगरपालिका-३ स्थायी घर भई काठमाडौंको कागेश्वरी मनहरा नगरपालिका-६ बस्दै आएका ४५ वर्षीय झा हाल डीडीसीको लैनचौरस्थित केन्द्रीय कार्यालयको प्रशासन तथा व्यवस्थापन विभाग प्रमुखका रूपमा कार्यरत थिए । उनलाई काठमाडौं महानगरपालिका-२६ लैनचौरबाट पक्राउ गरिएको हो ।

त्यस्तै, सिराहा नगरपालिका-१ स्थायी घर भई काठमाडौंको तारकेश्वर नगरपालिका-४ बस्ने ४६ वर्षीय विजयकुमार यादव पक्राउ परेका छन् । उनी तत्कालीन सिम्ले चिस्यान केन्द्रका इन्चार्ज थिए । हाल काठमाडौं दुग्ध वितरण आयोजना बालाजुमा जुनियर टेक्निकल असिस्टेन्टका रूपमा कार्यरत यादवलाई बालाजुबाट पक्राउ गरिएको हो ।

पर्वतको मोदी गाउँपालिका-४ स्थायी घर भई काठमाडौंको तारकेश्वर नगरपालिका-६ बस्ने ५५ वर्षीय मनहरी शर्मा पनि पक्राउ परेका छन् । उनी तत्कालीन भक्तपुर चिस्यान केन्द्रका इन्चार्ज थिए । हाल डीडीसीको केन्द्रीय कार्यालय लैनचौरमा जुनियर टेक्निकल असिस्टेन्टका रूपमा कार्यरत शर्मालाई कास्कीको पोखरा महानगरपालिका-१४ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

त्यसैगरी, सर्लाहीको मोहनपुर-५ स्थायी घर भई चितवनको भरतपुर महानगरपालिका-५ कल्याणपुर बस्ने ४९ वर्षीय रामकेवल राय पक्राउ परेका छन् । उनी तत्कालीन चनौली चिस्यान केन्द्रका इन्चार्ज थिए । हाल काठमाडौं दुग्ध वितरण आयोजनाको संकलन केन्द्रमा जुनियर टेक्निकल असिस्टेन्टका रूपमा कार्यरत रायलाई सर्लाहीको चन्द्रनगर गाउँपालिका-५ मोहनपुरबाट पक्राउ गरिएको हो ।

सर्लाहीको चन्द्रनगर गाउँपालिका-५ घर भई चितवनको भरतपुर महानगरपालिका-५ कल्याणपुर बस्ने २८ वर्षीय जितेन्द्रकुमार यादव पनि पक्राउ परेका छन् । उनी बागमती धुलो दूध कारखाना, हेटौंडामा भरपाई पदमा कार्यरत थिए । उनलाई चितवनको भरतपुर महानगरपालिका-५ आनन्दपुरबाट पक्राउ गरिएको हो ।

यसैगरी, सर्लाहीको चन्द्रनगर गाउँपालिका-२ घर भएका ३२ वर्षीय नवीन राय यादव पक्राउ परेका छन् । उनी डेरी ब्याई पदमा कार्यरत रही नवलपुर/गरुडा चिस्यान केन्द्रको इन्चार्जका रूपमा जिम्मेवारी सम्हाल्दै आएका थिए । उनलाई सर्लाहीको लालबन्दी नगरपालिका-५ मेजरगञ्जबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सर्लाहीको चन्द्रनगर गाउँपालिका-५ घर भई चितवनको माडी नगरपालिका-२ बस्ने ४६ वर्षीय शिवनन्दन राय पनि पक्राउ परेका छन् । उनी दैनिक पारिश्रमिकमा काम गर्ने कर्मचारीका रूपमा माडी चिस्यान केन्द्रमा कार्यरत थिए । उनलाई माडी नगरपालिका-१ भरुवाबाट पक्राउ गरिएको हो ।

त्यस्तै, सिन्धुपाल्चोकको कालिका गाउँपालिका-७ घर भएका ४८ वर्षीय विखबहादुर भण्डारी पक्राउ परेका छन् । उनी डीडीसीमा जुनियर टेक्निकल असिस्टेन्ट तथा माडी चिस्यान केन्द्रका इन्चार्जका रूपमा कार्यरत थिए। उनलाई चितवनको माडी नगरपालिका-१ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले आठै जनालाई पक्राउ गरी आपराधिक विश्वासघात तथा संगठित अपराधसम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

सरकारी स्वामित्वको संस्थानमा उच्च व्यवस्थापन तहदेखि चिस्यान केन्द्रमा कार्यरत कर्मचारीसम्मको मिलेमतोमा आर्थिक अनियमितता भएको आशंकामा अनुसन्धान अघि बढाइएको हो ।

प्रारम्भिक अनुसन्धानबाट १२ करोड १३ लाख ४३ हजार ५३० रुपैयाँ बराबरको गैरकानुनी लाभ लिएको देखिएको प्रहरीको भनाइ छ ।

अर्घाखाँचीमै सवारी नवीकरण सेवा सुरु

काठमाडौं/मस– सवारी साधनको राजस्व बुझाउन र ब्लुबुक नवीकरण गर्न बुटवल जानुपर्ने अर्घाखाँचीवासीको बाध्यता अन्त्य भएको छ । जिल्लामै पहिलोपटक सवारी दर्ता किताब (ब्लुबुक) नवीकरण सेवा सुरु भएको छ ।

मुख्यमन्त्री चेतनारायण आचार्यले घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीमा आयोजित कार्यक्रममा सेवाको शुभारम्भ गरेका हुन् । सो अवसरमा उनले नवीकरण गरिएका सवारी दर्ता किताब सेवाग्राहीलाई हस्तान्तरणसमेत गरे ।

लामो समयदेखि जिल्लावासीले अपेक्षा गर्दै आएको सेवा प्रदेश सरकारले जिल्लामै उपलब्ध गराउन सफल भएको मुख्यमन्त्री आचार्यले बताए । जिल्लाबाटै सेवा सञ्चालन हुनु अर्घाखाँचीवासीका लागि खुसी र गौरवको विषय भएको उनको भनाइ थियो ।

'आज अर्घाखाँची जिल्ला र यहाँ बसोवास गर्ने नागरिकका लागि खुसी र गौरवको क्षण हो,' उनले भने, 'यातायात क्षेत्रको सेवा थपिएको छ । यसलाई विस्तार गर्दै लैजाने प्रदेश सरकारको योजना छ ।' सेवा सुरु भएसँगै मोटरसाइकलदेखि ठुला सवारी साधनसम्मको ब्लुबुक नवीकरण र राजस्व भुक्तानीका लागि बुटवल पुग्नुपर्ने बाध्यता हटेको छ । यातायात क्षेत्रका अन्य सेवा पनि क्रमशः जिल्लामै विस्तार गर्ने योजना रहेको मुख्यमन्त्री आचार्यले बताए ।



उनले आवश्यक प्रक्रिया पूरा गरेर सवारी साधनको जाँचपाससम्बन्धी सेवा पनि अर्घाखाँचीबाटै उपलब्ध गराउने तयारी भइरहेको जानकारी दिए ।

मुख्यमन्त्री आचार्यले सेवा प्रवाहलाई प्रभावकारी, व्यवस्थित र गुनासोरहित बनाउन कर्मचारी तथा सम्बन्धित व्यवसायीलाई निर्देशनसमेत दिए। घरेलु तथा साना उद्योग कार्यालयको जिम्मेवारी थपिएको उल्लेख गर्दै उनले सेवाग्राहीले कुनै पनि प्रकारको सास्ती र असुविधा भोग्न नपर्ने गरी काम गर्न आग्रह गरे ।

यातायात क्षेत्रको सेवा प्रवाहमा सेवाग्राहीबाट विभिन्न गुनासा आउने गरेको उल्लेख गर्दै उनले त्यस्ता गुनासा नआउने गरी जिम्मेवारीपूर्वक काम गर्नुपर्ने बताए । व्यवसायी तथा कर्मचारीले उच्च मनोबलका साथ नागरिकलाई सहज र गुणस्तरीय सेवा उपलब्ध गराउनुपर्ने उनको भनाइ थियो ।

जिल्लामै ब्लुबुक नवीकरण सेवा सुरु भएपछि सेवाग्राहीको समय र खर्च बचत हुनुका साथै सामान्य कामका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता हट्ने अपेक्षा गरिएको छ । प्रदेश सरकारले आगामी दिनमा यातायात क्षेत्रका थप सेवा जिल्लास्तरबाटै उपलब्ध गराउने जनाएको छ ।

पोखरिया नगरपालिकाको ५८ करोड १८ लाखको बजेट पारित

लालबाबु बानिया/मध्यान्ह
पर्सा, १३ कात्तिक

पर्साको पोखरिया नगरपालिकाको ११औं नगरसभाले आर्थिक वर्ष २०८३/८४ का लागि ५८ करोड १८ लाख ९ हजार ८३९ रुपैयाँको बजेट पारित गरेको छ ।

शुक्रबार नगरपालिका कार्यालयको सभा हलमा आयोजित नगरसभामा प्रमुख प्रशासकीय अधिकृत शिव सिंह पटेलले उक्त बजेट प्रस्तुत गरेका थिए । नगरसभाको उद्घाटन नगरप्रमुख प्रद्युम्न चौहानले गरेका थिए ।

नगरप्रमुख चौहानको अध्यक्षतामा सम्पन्न नगरसभामा उनले नगरपालिकाको समग्र विकासका लागि आफू निरन्तर लागिपरेको बताए । नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न ढिलाइ भए पनि प्रभावकारी रूपमा ल्याइएको उनको भनाइ थियो ।

'नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न ढिलो आयो, तर तन्दुरुस्त आयो,' उनले भने ।

नगरप्रमुख चौहानले नगरपालिकाका कर्मचारीलाई आठ महिनाको तलबसमेत खुवाउने व्यवस्था गरिने बताए । उनले टाउन प्लानिङको काम छिट्टै अघि बढाइने जानकारी दिँदै नगरपालिकामा विशेष बजेट विनियोजन गरिएको उल्लेख गरे । यसअघि सम्पन्न भएका कामको विवरण विशेष पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिने पनि उनले बताए ।

नगरसभाबाट पारित बजेट तथा कार्यक्रममा स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन, पर्यटन, भौतिक पूर्वाधार, सिँचाइ, महिला तथा बालबालिका उत्थान, खेलकुद र ज्येष्ठ नागरिक सम्मानलगायतका क्षेत्रलाई प्राथमिकता दिइएको छ ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पटेलले नगरपालिकाको विकासका लागि जनप्रतिनिधि र कर्मचारीबीच आपसी समन्वय तथा सहकार्य आवश्यक रहेको भन्दै सबैलाई मिलेर अघि बढ्न आग्रह गरे ।

नगरसभामा वडाध्यक्षहरू प्रमोद गिरी, केदारप्रसाद, महेन्द्र महतो, लक्ष्मण साह कानु, शियानन्द चौहान, नौसाद आलम, सोनालाल साह र किशोरी साहलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा कार्यपालिका सदस्य, नगरसभा सदस्य, नगरपालिका कर्मचारी, लेखा अधिकृत विजय झा, स्वास्थ्य संयोजक कौशलेन्द्र झा, आईटी अफिसर अरविन्द द्विवेदी, सन्दीप साह, सामाजिक शाखा प्रमुख वाल्मीकि साहलगायतको सहभागिता थियो । कार्यक्रम सञ्चालन नरेन्द्र साहले गरेका थिए ।

मनसुनअघि ८० भन्दा बढी आपत्कालीन ठेक्का



काठमाडौं/मस- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिँचाइ विभागले चालु आर्थिक वर्ष २०८३/८४ को सुरुवाती महिनामै सिँचाइ विस्तार, नदी नियन्त्रण र जल उत्पन्न विपद् व्यवस्थापनका काममा उल्लेखनीय गति लिएको छ ।

विभागको प्रगति विवरणअनुसार भदौ मसान्तसम्म राष्ट्रिय गौरवका आयोजना, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, सिँचाइ व्यवस्थापन कार्यालय र भूमिगत जल सिँचाइ आयोजनाहरूबाट गरी १०२ वटा बोलपत्र आह्वान भइसकेका छन् ।

यीमध्ये सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको करिब २० अर्ब ८५ करोड लागत अनुमानको एउटा ठूलो योजनाबाहेकका १०१ बोलपत्रको मात्रै कूल लागत अनुमान रु तीन अर्ब ६३ करोड ६२ लाख पुगेको छ । आर्थिक वर्षको पहिलो दुई महिनामा खरिद प्रक्रिया अघि बढ्नुले यस वर्ष पूर्वाधार निर्माण समयमा सुरु हुने र पुँजीगत खर्च बढ्ने अपेक्षा गरिएको विभागका महानिर्देशक दिनेश रजौरियाले बताए ।

भूमिगत जल सिँचाइमा ३५ बोलपत्र

विभागका अनुसार तराईका किसानलाई वर्षैभरि पानी उपलब्ध गराउने उद्देश्यले भूमिगत जल सिँचाइ आयोजनाहरू झापा, चितवन, रुपन्देही र कैलालीबाट ३१ करोड ७० लाख लागत अनुमानका ३५ वटा बोलपत्र आह्वान भएका छन् । यीमध्ये झापामा मात्रै २० वटा बोलपत्र आह्वान भएका छन् । झापाका आयोजनाको भौतिक प्रगति भदौ मसान्तसम्म १० प्रतिशत पुगेको छ । यी चार आयोजनाले पुस मसान्तसम्म ८३५ हेक्टरमा भूमिगत जल सिँचाइ पुर्याउने लक्ष्य राखेको विभागका सूचना अधिकारी रामप्रसाद पौडेलले बताए ।

मनसुनअघि ८० भन्दा बढी आपत्कालीन ठेक्का

विभागका अनुसार मनसुनअघि ८० भन्दा बढी आपतकालीन ठेक्का लागेका छन् । अर्थ मन्त्रालयको गत जेठ ६ गतेको पत्रबाट आपतकालीन नदी नियन्त्रणका लागि रु एक अर्ब २४ करोड १२ लाख बराबरको बहुवर्षीय स्रोत सहमति प्राप्त भएको थियो ।

यसअन्तर्गत विभागका १६ वटा आयोजना र कार्यालयमार्फत ३० भन्दा बढी जिल्लामा नदी नियन्त्रणका काम अघि बढेको सूचना अधिकारी पौडेलले जानकारी दिए ।

विभागका अनुसार असार-भदौ अवधिमा मात्रै ८० भन्दा बढी ठेक्का सम्झौता भइसकेका छन्, जसको कूल सम्झौता रकम करिब रु ८५ करोड ४८ लाख रहेको विभागले जनाएको छ ।

रौतहटको लालबकैया (तेजापाकर) र सर्लाहीको बागमती (धुवा) मा कोटेशनमार्फत गरिएका संरक्षणका काम सम्पन्न भइसकेका छन् । धनुषा-महोत्तरी-सिराहाका कमला, रातु, मरहा र औरही नदीका आठ वटा ठेक्काको आशयको सूचना भदौ ५ गते प्रकाशित भइसकेको छ ।

चितवनमा नारायणी नदीको भरतपुर महानगरपालिका क्षेत्र र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) तर्फ रु १८ करोड ४१ लाखका ठेक्का लागेका छन् । सुनसरी, मोरङ र उदयपुरका सेउती, शेरा, बक्राहा, बुढी, चिसाङ र त्रियुगा खोलामा १४ करोड ४२ लाखका १२ वटा ठेक्का सम्झौता भएका छन् ।

बर्दियामा कर्णाली, बबई, औरही र आम्बासा नदीमा नौ करोड ३८ लाख र मुस्ताङ, बारलुङ, म्यार्दी र पर्वतमा कालीगण्डकी तथा सहायक नदीमा रु सात करोड ९९ लाखका ठेक्का लागेका छन् ।

सोही अवधिमा थप दुई हजार ५४९ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुर्याउने लक्ष्य छ ।

यसमा सतह सिँचाइ एक हजार ९८ हेक्टर, भूमिगत जल सिँचाइ एक हजार १३५ हेक्टर, लिफ्ट सिँचाइ १९६ हेक्टर र जलाशय सिँचाइ १२० हेक्टर समावेश छन् । यसका साथै राजापुर प्रणालीको १४ हजार १३८ हेक्टरमा मर्मत सम्भारमार्फत सिँचाइ सेवा निरन्तर राख्ने, २२.३३ किलोमिटर तटबन्ध निर्माण गर्ने र २११.५ हेक्टर जग्गा उकास गर्ने लक्ष्य रहेको विभागले जनाएको छ ।

उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकतामा राखेर तीव्रताका साथ पूर्वाधार निर्माणलाई गति दिइएको बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०६०/११/१८ मा दर्ता भएको श्री **नेमकुल ब्रदर्श ट्रेड प्रा. लि. (प्रा. लि. नं. २७३६०)** नामक कम्पनीले दफा १३६ (१) अनुसार दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५१/०६/०४ मा दर्ता भएको **दर्ता नं. १००३९६** को **नेपाल स्टाण्डर्ड सर्भिसेस प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६९८, फोन नं. ९८४१४१०७५४

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८३/०७/१४

यस कम्पनीको मिति २०८३।०५।२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार सावित कम्पनी **पाठशाला एजुकेशन फाउण्डेशन पर्सा प्रा.लि. (दर्ता नं. १४३७२५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सुवर्ण एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०७/२२ मा दर्ता भएको **प्रा.लि. नं. २७६४८५** को **हिल लाईभ प्रा.लि.** को मिति २०८३/०६/३१ मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटरः बलराम पन्त, इजाजतपत्र नं. ४००, फोन नं. ९८४११७१६५९

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०२/१८ मा दर्ता भएको **प्रा.लि. नं. १९०६८६** को **रितेश्वर बहुउद्देश्यीय कृषि फर्म प्रा.लि.** को मिति २०८३/०६/३१ मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटरः सन्दिप कुमार शाही, इजाजतपत्र नं. ६५२, फोन नं. ९८४४८१७६३३

हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७४।०४।१६ मा दर्ता भएको **के.बि. निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.(प्रा.लि. नं. १७१९९४)** को नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५।०९।२६ मा दर्ता भएको **दर्ता नं. १९०६८६** को **एक्स एभिएसन सर्भिस प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६९८, फोन नं. ९८४१४१०७५४

मेटा एस.एम.एस इम्पेक्स प्रा.लि. वनस्थली, काठमाडौंको
मुल्य सूची सम्बधि सुचना

यस प्रा.लि. द्वारा आयातित निम्न अनुसारको मदिरा आ.व. २०८३/८४ को लागि मिति २०८३/०७/१४ देखि निम्न बमोजिम प्रस्तावित अधिकतम खुद्रा मूल्य (MRP) भएको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा मु.अ.कर समेत समावेश गरिएको छ ।

S. No.	Product Name	Size (ml)	MRP/Bottle
1	Aberfeldy	750	17545/-
2	Bacardi Carta Blanca	1000	9235/-
3	Bailey's Irish Cream	1000	8200/-
4	Ciroc Vodka	1000	15200/-
5	Dom Perignon	750	81000/-
6	Jack Daniel's Gentleman Jack	1000	11200/-
7	Jagermeister	1000	8900/-
8	Jagermeister	700	6450/-
9	John Jameson Irish Whiskey	1000	8350/-
10	Patron Silver	750	16200/-
11	Patron Reposado Gold	750	19250/-
12	Roku Gin	700	10800/-

MALAYSIA मा रोजगार **कम्पनी : Progressive Allied Security Force Sdn Bhd , Malaysia**
पूर्व स्वीकृत मितिः २०८३/०६/३० चलानी नं.: ६०२६२८९९ LT. No.: 349467

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	25	0	८ कक्षा पास	1700	६३,८००	रु.वि अनुसार	८ घण्टा	६ दिन	रु.वि अनुसार	दुवै	दुवै	२ वर्ष

कामदारले तिर्ने: कामदारसंग सम्बन्धित एजेन्सीको शुल्क बापत लाग्ने रकम (Service Charge) र अन्य लाग्ने कर तथा शुल्क । कामदारको तलब: रोजगारदाता विदेश पठाउने एजेन्सी मार्फत तोकिएको तलब । कामदारको तलब: विदेश पठाउने एजेन्सी मार्फत तोकिएको तलब । कामदारले तिर्ने: रोजगारदाता विदेश पठाउने एजेन्सी मार्फत तोकिएको शुल्क । कामदार आफैले: रोजगारदाता विदेश पठाउने एजेन्सी मार्फत तोकिएको शुल्क । कामदारले तिर्ने: रोजगारदाता विदेश पठाउने एजेन्सी मार्फत तोकिएको शुल्क । कामदार आफैले: विदेश पठाउने एजेन्सी मार्फत तोकिएको शुल्क । कामदारले तिर्ने: रोजगारदाता विदेश पठाउने एजेन्सी मार्फत तोकिएको शुल्क । कामदार आफैले: रु. १,५००/- कामदारलाई तिर्ने । कामदार आफैले: तिर्नुपर्दैन

पि अन्तरवार्ता घमाधम लइरहेको छ । फाइनल अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८३ कार्तिक २१ गते (7 Nov. 2026) मा हुनेछ ।

UTTARDAYI ROJGAR PVT. LTD.
Gov. Lic No. 1295/074/075
Tokha-10, Kathmandu, Nepal, Tel: 01- 4966238, 4986562 , 9761058183 (Nir Bahadur Gurung)
Facebook Page manpowernepali
E-mail: rojgar.uttardayi@gmail.com, Web.: www.uttardayi.com.np

कुवेतमा रोजगार **कम्पनी: AL THIQA RESTAURANTS COMPANY** **शहर: KUWAIT**
पूर्व स्वीकृत मितिः २०८३/०३/३० चलानी नं.: ६०२५८१८५ LT. No.:344910 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Steward	9	0	सम्बन्धित काममा दक्ष	100	४५,३१४	क.वि. अनुसार	८ घण्टा	६ दिन	क.वि. अनुसार	छ	छ	२ वर्ष
2.	Service Crew	12	40		125	६१,६४२							
3.	Waiter/Waitress	18	20		140	६५,०३५							
4.	Kitchen Commis	5	0		140	६५,०३५							

अन्तर्वार्ता भेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २१ गते (7 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा बस्ने भिसा फ्रि/लट्टे बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारदाता बिमा फ्रि/लट्टे र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	अभिसुचीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	रु ९०,०००

HABiBi International Recruitment Pvt.Ltd. Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

संस्मरण

हिउँको घुम्टोभित्र क्यालगरी र एअरड्री



● रामप्रसाद पौडेल

रक्की हिमालका हिमशृंखला, चिनुक हावाको न्यानो स्पर्श र हिउँले ढाकिएका बस्ती । क्यालगरीको भव्यता र एअरड्रीको शान्त सौन्दर्यमा प्रकृति, इतिहास र आधुनिकता एकाकार हुन्छन् । प्रवासमा नेपाली भाषा, संस्कृति र आत्मीयता जोगाइरहेका नेपालीले यी सहरलाई झन् अर्थपूर्ण बनाएका छन् ।

क्यानाडाको अल्बर्टा प्रान्तमा जीवनको आफ्नै लय छ । दक्षिणतिर आधुनिकताको भव्यता बोकेको क्यालगरी महानगर छ भने त्यसको उत्तरमा शान्त, सौम्य र सुन्दर एअरड्री सहर । यी दुई सहर भूगोलका अलग बस्ती मात्र होइनन्, प्रकृति, इतिहास, उद्योग र संस्कृतिका सुन्दर संगम पनि हुन् । क्षितिजमा देखिने रक्की पर्वतमालाका हिमशृंखलाले दुवै सहरको सौन्दर्यमा थप मोहकता भर्छन् ।

यहाँको मौसम कुनै कुशल चित्रकारले बनाएको चित्रजस्तै लाग्छ, जसमा हरेक क्षण रङ फेरिइरहन्छन् । जाडोमा आकाशबाट कपासका थुँगाजस्ता हिउँका कण झर्न थाल्छन् । सडक, घर, रुख र खुला मैदान सेतो आवरणले ढाकिन्छन् । सिंगो सहर मौन ध्यानमा बसेझैं देखिन्छ । तापक्रम माइनस १५ देखि २५ डिग्री सेल्सियससम्म झर्दा जनजीवन कठ्यांग्रिन्छ । तर, यही चिसोबीच प्रकृतिले न्यानोपनको एउटा उपहार पनि दिन्छ - चिनुक हावा ।

प्रशान्त महासागरबाट आएको न्यानो हावा रक्की हिमाल पार गर्दै प्रिएरीका मैदानमा आइपुग्दा केही घण्टामै तापक्रम बढ्न सक्छ । हिउँ पग्लिन थाल्छ र चिसोले कठ्यांग्रिएको वातावरणमा न्यानोपन फर्किन्छ । जाडोको कठोरतासँगै आउने यो परिवर्तनले प्रकृतिको अनौठो स्वभाव मात्र देखाउँदैन, जीवनमा आशा र सम्भावनाका ढोका सधैं खुला रहन्छन् भन्ने अनुभूतिसमेत गराउँछ ।

ग्रीष्म ऋतुमा भने यहाँको रूप फेरिन्छ । दिन लामा र घमाइला हुन्छन् । फाँटमा हरियाली छाउँछ, पहेँला फूल फुल्छन् र तालको नीलो पानीमा आकाशको छाया खेल्छ । हिउँको सेतो चादरले छोपिएका दृश्यहरू हरियालीको फराकिलो क्यानभासमा बदलिन्छन् ।



प्रकृतिको काखमा दुई सहर

क्यालगरी र एअरड्रीको यात्रा गर्नु एउटा ठाउँबाट अर्को ठाउँ पुग्नु मात्र होइन, प्रकृतिसँग नजिकिने अवसर पनि हो । क्यालगरीको केन्द्रमा उभिएको १९१ मिटर अग्लो क्यालगरी टावरबाट सहर नियाल्दा आधुनिक भवनहरूको लहर र टाढाका हिमशिखर एउटै दृश्यमा अटाउँछन् । विकासको गतिशीलता र प्रकृतिको स्थिर भव्यता त्यहाँ सँगसँगै देखिन्छन् ।

बो नदीको किनारमा रहेको प्रिन्स आइल्यान्ड पार्कमा हिँड्नु, साइकल चलाउनु वा घाम ताप्दै केहीबेर बस्नु पनि आनन्ददायी अनुभव हो । नदीको कलकल र वरिपरिको हरियालीले सहरको व्यस्तताबीच विश्रामको ठाउँ दिन्छन् ।

क्यालगरीको चहलपहलबाट उत्तरतिर लागेपछि एअरड्रीको खुला आकाश र शान्त वातावरणले स्वागत गर्छ । नोज क्रिक पार्कका गोरेटामा हिँड्दा प्रकृतिसँगको सामीप्य महसुस हुन्छ । जेनेसिस लेकको किनारमा बसेर अस्ताउँदो सूर्यको रातो आभा पानीमा फैलिएको हेर्दा दिनभरको थकान बिर्सन सकिन्छ ।

एअरड्रीको यो शान्त सौन्दर्यले नेपालका डाँडाकाँडा, उकाली-ओराली र गाउँबस्तीको सम्झना गराउँछ । भूगोल फरक भए पनि प्रकृतिले मनमा जगाउने अनुभूति उस्तै हुन्छ । सायद यही कारण हो, प्रवासमा रहेका नेपालीलाई यहाँको खुला क्षितिजमा पनि आफ्नै मातृभूमिको झल्को भेटिन्छ ।

यहाँबाट करिब डेढ घण्टाको दूरीमा रहेको ब्याफ राष्ट्रिय निकुञ्ज र लेक लुइसको नीलो पानीले यात्रालाई अझ अविस्मरणीय बनाउँछन् । हिमाल, ताल र वनजंगलको अनुपम दृश्यले मानिसलाई केहीबेर मौन बनाउँछ । प्रकृतिको विराटतासामु आफ्ना चिन्ता र व्यस्तता कति साना रहेछन् भन्ने अनुभूति हुन्छ ।

इतिहासको जगमा आधुनिकता

आज क्यालगरी र एअरड्री आधुनिक पूर्वाधार र आर्थिक गतिविधिले भरिएका सहर हुन् । तर, तिनको इतिहास वर्तमानभन्दा धेरै पुरानो छ । युरोपेली मूलका मानिसहरूको आगमन हुनुअघि यस क्षेत्रमा ब्ल्याकफुट, स्टोनी नाकोडा र त्सुटिना आदिवासी समुदायको बसोबास थियो । उनीहरूका लागि यो भूभाग जीवनयापनको आधार मात्र नभई सांस्कृतिक र आध्यात्मिक महत्त्व बोकेको भूमि पनि थियो ।

सन् १८७५ मा बो र एल्बो नदीको संगममा नर्थ-वेस्ट माउन्टेड पुलिसले फोर्ट क्यालगरी स्थापना गरेपछि सहरको आधुनिक इतिहासले गति लियो । सन् १८८३ मा क्यानेडियन प्यासिफिक रेलवेको विस्तारसँगै व्यापार, पशुपालन र कृषिको विकास तीव्र भयो । रेलमार्गले यस क्षेत्रलाई अन्य भू-भागसँग जोड्यो र आर्थिक गतिविधि विस्तार गर्न सहयोग पुऱ्यायो ।

रेलमार्गको एउटा सानो बस्तीका रूपमा विकसित भएको एअरड्री पनि समयसँगै फैलिँदै गयो । आज यो आधुनिक आवास, सेवा र सुविधाले भरिएको तीव्र गतिमा बढ्दो सहर बनेको छ ।

सन् १९४७ मा लेडुक क्षेत्रमा तेलको ठुलो भण्डार फेला परेपछि क्यालगरीको आर्थिक विकासले नयाँ गति लियो । तेल तथा ग्यास उद्योगको विस्तारसँगै सहर क्यानाडाको ऊर्जा क्षेत्रको प्रमुख केन्द्र बन्यो । यसले क्यालगरीलाई अन्तर्राष्ट्रिय आर्थिक मानचित्रमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्यो ।

आज यहाँको अर्थतन्त्र तेल र ग्यासमा मात्र सीमित छैन । प्रविधि, सफ्टवेयर, नवप्रवर्तन र स्वच्छ ऊर्जाका क्षेत्रमा पनि गतिविधि विस्तार भइरहेका छन् । रोजगारी र व्यावसायिक सम्भावनाले विश्वका विभिन्न भागबाट आएका मानिसलाई आकर्षित गरेको छ । विविध पृष्ठभूमिका मानिसले आफ्नो श्रम, सीप र सिर्जनशीलतामार्फत यी सहरको विकासमा योगदान पुऱ्याइरहेका छन् ।

संस्कृतिको रङ र समुदायको आत्मीयता

आर्थिक विकास र आधुनिक जीवनशैलीबीच पनि क्यालगरीको सांस्कृतिक पहिचान जीवन्त छ । हरेक वर्ष जुलाईमा १० दिनसम्म मनाइने विश्वप्रसिद्ध क्यालगरी स्टाम्पिड यहाँको प्रमुख सांस्कृतिक उत्सव हो । काउब्वाय परम्परा र पश्चिमी जीवनशैलीसँग जोडिएको यस उत्सवमा रोडियो प्रतियोगिता, सांगीतिक कार्यक्रम र झाँकी प्रस्तुत गरिन्छन् । उत्सवमा सहभागी हुन विश्वका विभिन्न ठाउँबाट मानिसहरू आउँछन् ।

बहुसांस्कृतिक समाजका रूपमा विकसित यी सहरमा विश्वका विभिन्न भूभागबाट आएका समुदायको भाषा, परम्परा र जीवनशैली मिसिएको छ । यही विविधतावीच नेपाली समुदायले पनि आफ्नो छुट्टै पहिचान बनाएको छ ।

क्यालगरी र एअरड्रीमा बसोबास गर्ने नेपालीका लागि यी सहर रोजगारी र भविष्य निर्माण गर्ने ठाउँ मात्र होइनन्, आफ्नो संस्कृति जोगाउने थलो पनि हुन् । बडादसैंमा टीका र जमरा लगाएर आशीर्वाद साट्दा, तिहारमा देउसी-भैलो गाउँदा र चाडपर्वमा आफन्त तथा साथीभाइसँग भेटघाट गर्दा प्रवासको दूरी केही छोटो हुन्छ ।

तातो चियाको कपसँगै नेपाली साहित्य, कविता र गीतका कुरा हुनु, आफ्ना गाउँघरका सम्झना साट्नु र बालबालिकालाई नेपाली भाषा तथा संस्कृतिसँग जोड्ने प्रयास गर्नुले समुदायमा आत्मीयता बढाउँछ । हिउँले ढाकिएका सडक र कठ्यांग्रिँदो चिसोबीच पनि नेपाली भेटघाटमा आफ्नोपनको न्यानो भेटिन्छ ।

विदेशमा नयाँ जीवन निर्माण गर्नु भनेको पुरानो पहिचान बिर्सनु होइन । बरु नयाँ परिवेशसँग घुलमिल हुँदै आफ्नो भाषा, संस्कार र सांस्कृतिक जरा जोगाइराख्नु पनि हो । क्यालगरी र एअरड्रीमा नेपाली समुदायले गरिरहेका यस्ता प्रयासले प्रवासी जीवनलाई थप अर्थपूर्ण बनाएका छन् ।

प्रकृति र विकासको सहयात्रा

क्यालगरीको गगनचुम्बी भव्यता र एअरड्रीको शान्त सौम्यताबीच एउटा सुन्दर सन्तुलन देखिन्छ । एकातिर उद्योग, प्रविधि र आर्थिक गतिविधिले जीवनलाई गति दिएका छन् भने अर्कोतिर नदी, ताल, पार्क र हिमशृंखलाले प्रकृतिसँगको सम्बन्ध जीवित राखेका छन् ।

यी सहरको आकर्षण आधुनिक भवन वा आर्थिक समृद्धिमा मात्र सीमित छैन । प्रकृतिको संरक्षण, सार्वजनिक खुला क्षेत्रको उपयोग, सांस्कृतिक विविधता र समुदायबीचको सहअस्तित्वले पनि तिनको जीवनशैलीलाई अर्थपूर्ण बनाएको छ ।

रक्की हिमालबाट आउने चिसो सिरोटो, चिनुक हावाको न्यानो स्पर्श, हिउँले ढाकिएका बस्ती, इतिहासका पदचिह्न र बहुसांस्कृतिक समाजको जीवन्ततासँगै क्यालगरी र एअरड्रीलाई विशिष्ट बनाएका छन् । यी सहर नेपाली पाठकका लागि क्यानाडाको टाढाको भूगोल मात्र होइनन्, प्रकृति र आधुनिकता सँगसँगै अघि बढ्न सक्छन् भन्ने उदाहरण पनि हुन् ।

हिउँको घुम्टोभित्र लुकेका यी सहरमा जीवन रोकिँदैन । मौसम फेरिन्छ, बस्ती विस्तारिन्छन् र नयाँ सम्भावना जन्मिन्छन् । तर, हिमशृंखलाको स्थिरता, नदीको प्रवाह र मानिसले जोगाइराखेको आत्मीयताले जीवनलाई निरन्तर अर्थ दिइरहन्छन् ।


पुस्तक समीक्षा

प्रेमदेखि सामाजिक चेतनासम्म



● अन्जु चालिसे रूपाञ्जली

गीतकार निरूपम श्रेष्ठको गीतसंग्रह 'कुमारी माया'मा प्रेम, विछोड, आत्मखोज, जीवनदर्शन, मानवीय सम्बन्ध र देशप्रेमका विविध भाव समेटिएका छन् । सरल भाषा र आत्मीय अभिव्यक्तिमार्फत व्यक्तिगत अनुभूतिलाई सामाजिक यथार्थसँग जोड्ने प्रयास यस कृतिको विशेषता हो ।



गीत साहित्य मानवीय अनुभूति, संवेदना र विचारलाई लयात्मक अभिव्यक्तिमार्फत पाठक तथा श्रोताको मनसम्म पुऱ्याउने सशक्त विधा हो । प्रेम, विछोड, जीवनका आरोह-अवरोह, सामाजिक विसंगति र राष्ट्रिय चेतना गीतका प्रमुख विषय रहँदै आएका छन् । सरल भाषा र भावपूर्ण प्रस्तुतिका कारण गीतले व्यक्तिगत अनुभूतिलाई सामूहिक संवेदनासँग जोड्ने सामर्थ्य राख्छ ।

गीतकार निरुपम श्रेष्ठको गीतसंग्रह 'कुमारी माया' यस्तै विविध अनुभूतिको संग्रह हो । यसमा प्रेम र विछोडका भावनादेखि आत्मखोज, जीवनदर्शन, मानवीय सम्बन्ध, नैतिक मूल्य, सामाजिक यथार्थ र देशप्रेमसम्मका विषय समेटिएका छन् । यसले गीतकारको सिर्जनात्मक दायरा प्रेमको सीमित घेराभन्दा फराकिलो रहेको देखाउँछ ।

प्रेम र विछोडका अनुभूति

'कुमारी माया'को प्रमुख भावभूमि प्रेम हो । 'तिमीले यति', 'छुटेको साथ', 'कसरी भुलूँ', 'तिम्रो मिठो मुस्कान' र 'तिम्रो माया'जस्ता गीतमा प्रेमको आकर्षण, आत्मीयता, सम्झना, समर्पण र विछोडको पीडा अभिव्यक्त भएको छ ।

'तिमिले यति'मा प्रिय व्यक्तिको मुस्कानले प्रेमको अनुभूतिलाई गहिरो बनाउने भाव पाइन्छ । यहाँ मुस्कान सामान्य शारीरिक अभिव्यक्ति मात्र नभई आत्मीय सम्बन्धको माध्यम बनेको छ । प्रेमको आरम्भ सानो अनुभूतिबाट भए पनि त्यसले मनमा दीर्घकालीन प्रभाव पार्न सक्छ भन्ने मनोवैज्ञानिक पक्ष गीतमा अभिव्यक्त भएको छ ।

'छुटेको साथ'मा विछोडपछि पनि स्मृति र आत्मीयता जीवित रहने भाव छ । गीतकार लेख्छन्,

छुटेको साथ पनि कति मिठो हुँदो रहेछ
एकान्तमा मन बहलाउने ठाउँ बन्दो रहेछ

यी पंक्तिले विछोडलाई अभाव र पीडाका रूपमा मात्र प्रस्तुत गर्दैनन् । बरु, विगतको साथ वर्तमानको एकान्तमा सम्झनाको सहारा बन्न सक्ने मानवीय अनुभूति व्यक्त गर्छन् । सम्बन्ध टुटे पनि त्यससँग गाँसिएका स्मृति र संवेदना सहजै समाप्त हुँदैनन् भन्ने भाव यहाँ भेटिन्छ ।

'कसरी भुलूँ'मा विगतको सम्बन्धबाट मुक्त हुन कठिन हुने मनोदशा प्रस्तुत भएको छ । यसरी प्रेमलाई क्षणिक आकर्षणभन्दा माथि उठाएर स्मृति, विश्वास र मानसिक सम्बन्धका रूपमा चित्रण गरिएको छ ।

प्रेम र विछोड गीत साहित्यका परिचित विषय हुन् । त्यसैले तिनलाई प्रभावकारी बनाउन भावनात्मक अभिव्यक्तिसँगै मौलिक विम्ब र विशिष्ट अनुभूतिको आवश्यकता हुन्छ । यस संग्रहका प्रेमप्रधान गीतमा आत्मीयता पाइए पनि परिचित भावलाई अझ नवीन ढंगले प्रस्तुत गर्ने सम्भावना देखिन्छ ।

आत्मखोज र जीवनदर्शन

संग्रहको अर्को महत्त्वपूर्ण पक्ष प्रेमका अनुभूतिबाट जीवनका गम्भीर प्रश्नतर्फ विस्तार हुनु हो । 'खोज्दा नि' गीतमा आत्मपहिचान, अतृप्त आकांक्षा र आन्तरिक असन्तुष्टिको भाव व्यक्त भएको छ

खोज्दा नि आफूलाई भेटाउन सकिनँ
मनको रहर मैले कैले मेटाउन सकिनँ

यी पंक्तिले मानिसले बाहिरी संसारमा अनेक खोजी गरे पनि कहिलेकाहीं आफ्नै मन, चाहना र अस्तित्व बुझ्न नसक्ने अवस्थालाई प्रस्तुत गर्छन् । यहाँ खोजी कुनै वस्तु वा व्यक्तिको प्राप्तिमा मात्र सीमित छैन, आत्मपहिचान र आन्तरिक सन्तुष्टिको खोज पनि हो ।

'जीवन भन्नु' गीतमा जीवनको क्षणभङ्गुरता र सुख-दुःखको सहअस्तित्वलाई सरल ढंगले व्यक्त गरिएको छ -

जीवन भन्नु के नै हो र ? दुईदिने खेल हो
तितामिठा सँगालिएको भोगाइको मेल हो

जीवन सीमित समयभित्र संकलित हुने विविध अनुभवको समष्टि हो भन्ने भाव यी पंक्तिमा पाइन्छ । सुख र दुःख, हाँसो र आँसु जीवनका अभिन्न पक्ष हुन् भन्ने सन्देशले पाठकलाई आफ्नै जीवनयात्राबारे सोच्न प्रेरित गर्छ ।

'आफ्नो भाग्य'ले आत्मनिर्भरता, संघर्ष र आफ्नै बाटो निर्माण गर्ने विचार प्रस्तुत गर्छ । परिस्थितिलाई निष्क्रिय रूपमा स्वीकार गर्नुभन्दा कर्म र निर्णयप्रति सचेत हुनुपर्ने भाव यसमा पाइन्छ । यी गीतमा जटिल दार्शनिक शब्दावलीभन्दा सहज भाषामार्फत जीवनका गम्भीर अनुभूति अभिव्यक्त गर्ने प्रयास गरिएको छ ।

मानवीय सम्बन्ध र सामाजिक यथार्थ

'कुमारी माया' व्यक्तिगत प्रेम र आत्मचिन्तनमा मात्र सीमित छैन । यसका केही गीतले सामाजिक सम्बन्धको जटिलता, स्वार्थ र नैतिक विचलनलाई पनि विषय बनाएका छन् ।

'कति आफ्ना' गीतमा नजिक देखिने मानिस र वास्तविक आत्मीयताबीचको अन्तरलाई यसरी प्रस्तुत गरिएको छ-

कति आफ्ना, कति पराई-देखिन्छन् वरिपरि
कसैका छैनन् व्यथा एउटै-फरक छन् रूपसरि

यी पंक्तिले एउटै समाजमा बस्ने मानिसका दुःख, चाहना र जीवनभोगाइ फरक हुने यथार्थ देखाउँछन् । बाहिरी निकटताका आधारमा सम्बन्धको वास्तविकता पहिचान गर्न नसकिने भाव पनि यसमा समेटिएको छ ।

'गुन गऱ्यो' गीतमा उपकार, न्याय र अन्यायबीचको विरोधाभास व्यक्त भएको छ

गुन गऱ्यो वैगुनीमा हुन्छु
न्याय गऱ्यो अन्यायमा पर्छु

असल कामको प्रतिफल कृतज्ञताका रूपमा नपाउँदा उत्पन्न हुने निराशा र न्यायपूर्ण व्यवहार गर्दा पनि अन्याय भोग्नुपर्ने विडम्बना यी पंक्तिमा अभिव्यक्त छ । यसले व्यक्तिगत पीडाभन्दा पर गएर सामाजिक नैतिकताको प्रश्न उठाउँछ ।

त्यस्तै, 'हाँसोमा हाँसो'ले सुखमा साथ दिने र दुःखमा सहारा बन्ने मानिसबीचको भिन्नता औंल्याउँछ । सम्बन्धमा विश्वास, संवेदना र निःस्वार्थ सहयोगको महत्त्व यस गीतको भावभूमि हो । व्यक्तिगत अनुभूतिका माध्यमबाट सामाजिक यथार्थ प्रस्तुत गर्नु यस संग्रहको सकारात्मक पक्ष हो ।

देशप्रेम र राष्ट्रिय चेतना

संग्रहमा देशप्रेम र राष्ट्रिय एकताका भाव बोकेका गीत पनि छन् । 'थकाइ लाग्दा' गीतमा जन्मभूमिप्रतिको आत्मीयता र विदेश पलायनको विषय उठाइएको छ । 'स्वर्गभन्दा प्यारो मलाई मेरो स्वदेश' भन्ने भावले मातृभूमिप्रतिको प्रेम र आफ्नै देशमा जीवन बिताउने आकांक्षा व्यक्त गर्छ ।

यहाँ देशप्रेम भावनात्मक उद्गारमा मात्र सीमित छैन । स्वदेशको महत्त्व, राष्ट्रिय स्वाभिमान र देशप्रतिको उत्तरदायित्वसँग पनि जोडिएको छ । विदेश जाने प्रवृत्तिबारे प्रश्न उठाउँदै देशभित्रै सम्भावना निर्माण गर्नुपर्ने आवश्यकतातर्फ संकेत गरिएको छ । 'आफूभन्दा' गीतले व्यक्तिगत स्वार्थभन्दा देशलाई प्राथमिकता दिनुपर्ने विचार अघि सारेको छ । हिमाल, पहाड र तराईलाई राष्ट्रिय एकताको सूत्रमा जोड्दै गीतकार लेख्छन्,-

हिमाल, पहाड, तराई एकताको मूल

यस पंक्तिले नेपालको भौगोलिक तथा सांस्कृतिक विविधतालाई साझा राष्ट्रिय पहिचानका रूपमा प्रस्तुत गर्छ । देशप्रेमलाई सामूहिक जिम्मेवारी, स्वाभिमान र एकताको भावसँग जोड्ने प्रयास यहाँ देखिन्छ ।

भाषा, विम्ब र अभिव्यक्ति शिल्प

'कुमारी माया'का गीतको उल्लेखनीय विशेषता सरल र सहज भाषिक अभिव्यक्ति हो । दैनिक जीवनसँग परिचित शब्द र भावका माध्यमबाट गीतकारले आफ्ना अनुभूति प्रस्तुत गरेका छन् ।

'तिम्रो मिठो मुस्कान'मा मुस्कान प्रेम र आत्मीयताको प्रतीक बनेको छ । 'खोज्दा नि'मा घाम, जून, तारा र नदीका किनारजस्ता दृश्य विम्बले खोजीमा भौंतारिएको मनको अवस्थालाई अभिव्यक्त गर्छन् । 'छुटेको साथ'मा एकान्त र स्मृतिको सम्बन्धले विछोडपछिको मनोदशा प्रस्तुत गर्छ ।

गीतमा सरलता महत्त्वपूर्ण गुण हो । तर सरलता र सामान्यतावीच भिन्नता हुन्छ । परिचित विम्बलाई नवीन सन्दर्भमा प्रयोग गर्नु, शब्दमा अर्थका अतिरिक्त तह सिर्जना गर्नु र अनुभूतिलाई जीवनका ठोस प्रसंगसँग जोड्नुले गीतको कलात्मकता बढाउँछ । फूल, जून, आँसु र अँध्यारोजस्ता परम्परागत विम्बमा मौलिक अनुभूति थप्न सके अभिव्यक्ति अझ प्रभावकारी हुन सक्छ ।

त्यस्तै, गीतको लय, मात्रा, अन्त्यानुप्रास र पंक्तिगत सन्तुलनले पनि यसको प्रभावकारिता निर्धारण गर्छन् । उपलब्ध पाठका आधारमा भाव र भाषाशैलीको मूल्यांकन गर्न सकिए पनि सबै गीतको छन्द तथा संगीतात्मक संरचनाबारे निष्कर्ष निकाल्न तिनको पूर्ण पाठ र संगीतबद्ध प्रस्तुतिसमेत अध्ययन गर्नुपर्छ ।

सिर्जनात्मक सम्भावना

'कुमारी माया'को प्रमुख सबल पक्ष विषयगत विविधता र भावनात्मक आत्मीयता हो । प्रेम र विछोडका अनुभूतिसँगै आत्मखोज, जीवनदर्शन, सामाजिक सम्बन्ध, नैतिकता र देशप्रेमजस्ता विषय समेटिनुले गीतकारको अभिव्यक्तिक्षेत्र फराकिलो बनाएको छ ।

व्यक्तिगत अनुभूतिलाई व्यापक जीवनानुभवसँग जोड्ने प्रयास पनि उल्लेखनीय छ । 'खोज्दा नि'मा आत्मपहिचानको प्रश्न, 'जीवन भन्नु'मा जीवनदर्शन तथा 'कति आफ्ना' र 'गुन गऱ्यो'मा सामाजिक सम्बन्ध र नैतिकताको प्रश्नले संग्रहलाई विविध भावभूमि प्रदान गरेका छन् ।

यद्यपि, प्रेम, विछोड, आँसु र सम्झनाजस्ता परिचित विषयको पुनरावृत्तिबाट बच्न प्रत्येक गीतमा पृथक् अनुभूति र विशिष्ट अभिव्यक्ति आवश्यक हुन्छ । नयाँ विम्ब, सूक्ष्म मनोवैज्ञानिक अनुभूति र जीवनका ठोस प्रसंगसँग भावलाई जोड्न सके गीतहरूबीचको मौलिक पहिचान अझ बलियो बन्न सक्छ । सामाजिक चेतना र राष्ट्रिय भावनालाई समकालीन जीवनका जटिलतासँग जोड्दा विचारगत गहिराइसमेत बढ्न सक्छ ।

समग्रमा, निरुपम श्रेष्ठको 'कुमारी माया' प्रेमका अनुभूतिलाई आधार बनाएर जीवन र समाजका विविध पक्षतर्फ विस्तार हुन खोजेको गीतसंग्रह हो । यसमा प्रेमको आत्मीयता र विछोडको पीडादेखि आत्मचिन्तन, मानवीय सम्बन्धको जटिलता, नैतिक प्रश्न र मातृभूमिप्रतिको अनुरागसम्मका विषय समेटिएका छन् ।

सरल भाषा, भावनात्मक निकटता र विषयगत विविधता यसका उल्लेखनीय पक्ष हुन् । अर्कोतर्फ, परिचित भाव र विम्बलाई नवीन ढंगले प्रस्तुत गर्ने तथा शिल्पगत पक्षलाई थप परिष्कृत गर्ने सम्भावना पनि छ ।

व्यक्तिगत अनुभूति र सामाजिक चेतनाबीच संवाद स्थापित गर्ने प्रयास नै 'कुमारी माया'को मूल विशेषता हो । मौलिक विम्ब, विशिष्ट अनुभूति र शिल्पगत परिष्कारमा निरन्तर ध्यान दिन सके गीतकारको आगामी सिर्जनायात्रा अझ सशक्त बन्ने अपेक्षा गर्न सकिन्छ ।

(हाल : क्यानडा)

सीमा सुरक्षा र द्विपक्षीय सहकार्य सुदृढ बनाउने साझा प्रतिबद्धता

काठमाडौं/मस- नेपाल-भारत सीमा क्षेत्रमा हुने अवैध गतिविधि तथा सीमापार अपराध नियन्त्रण गर्न दुवै देशका सीमा सुरक्षा नेतृत्वबीच द्विपक्षीय सहकार्य सुदृढ बनाउने समझदारी भएको छ।

सशस्त्र प्रहरी बल नेपाल र भारतको सशस्त्र सीमा बलका प्रमुख सहभागी 'नेपाल-भारत १०औं समन्वय' बैठकमा अघिल्ला निर्णयको प्रगति पुनरावलोकन गर्दै रणनीति, 'अपरेशनल' र कार्यक्षेत्रका तहमा सहकार्य अभिवृद्धि गर्ने सहमति जुटेको हो।

बैठकले दशगजा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि अनधिकृत खेतीपाती, अतिक्रमण र अवैध संरचना हटाउन निरन्तर संयुक्त प्रयास जारी राख्ने निर्णय गरेको छ। यस्तै 'बाउन्ड्री वर्किङ ग्रुप' र 'सर्भे अफिसियल्स कमिटी'को निर्णयअनुसार सीमास्तम्भको निरन्तर मर्मत, सम्भार तथा पुनर्निर्माण गर्न 'फिल्ड' मा समन्वय बढाउन दुवैपक्ष सहमत भएको सशस्त्र प्रहरीका प्रवक्ता नेत्रबहादुर कार्कीले जानकारी दिए।

सीमापार आपराधिक सञ्जाल, अवैध तस्करी, मानव बेचबिखन, नक्कली नोट, लागूपदार्थ नियन्त्रण तथा तेस्रो मुलुकका नागरिकको अनधिकृत आवतजावत रोक्न समयमै प्राप्त हुने सोसँग सम्बन्धित सूचनाको आदानप्रदानलाई निरन्तरता दिइने दुवै पक्षले प्रतिबद्धता व्यक्त गरेका छन्।

खुला सीमाको दुरुपयोग गरी हुने तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश रोक्न सीमा नाकामा जाँच र कागजात प्रमाणीकरण कडा बनाउने, दशगजा क्षेत्रमा समन्वयात्मक गस्ती सञ्चालन गर्ने र शंकास्पद व्यक्तिबारे तत्काल



सूचना आदानप्रदान गर्ने सहमति भएको छ।

सीमा सुरक्षा चुनौतीसँग जुध्न आधुनिक प्रविधि, विशेष तालिम सहायता विस्तार गर्ने र दुवै सुरक्षा निकायबीच नियमित अध्ययन भ्रमणमार्फत संस्थागत सम्बन्ध प्रगाढ बनाउने निर्णय गरिएको छ।

दशगजा क्षेत्रको निगरानीका लागि सिसीटिभी, प्रमुख सीमा नाकामा 'लगेज स्क्यानर' र 'वाक-थ्रु मेटल डिटेक्टर' राख्ने तथा आ-आफ्नो भू-भागमा ड्रोनको प्रयोग बढाउने विषयमा गहन छलफल भएको प्रवक्ता कार्कीले जानकारी दिए। बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद्को सामना गर्न चितवनको कुरिनटारस्थित सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालयमा 'संयुक्त जलउद्धार अभ्यास' सञ्चालन गर्ने सम्बन्धमा समेत छलफल भएको छ।

बैठकमा वैधानिक यात्रुको सहजताका लागि सीमा नाकामा सहायता कक्ष विस्तार गर्ने, मैत्रीपूर्ण खेलकुदका साथै विभिन्न अन्तरराष्ट्रिय दिवस तथा प्रमुख चाडपर्वमा संयुक्त सांस्कृतिक कार्यक्रम आयोजना गरी द्विपक्षीय विश्वास र सौहार्दता अभिवृद्धि गर्ने समेत सहमति भएको छ।

राजधानीमा दुई दिनसम्म चलेको बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेल र भारतीय प्रतिनिधिमण्डलको नेतृत्व सशस्त्र सीमा बलका महानिर्देशक सञ्जय सिंघलले गरेका थिए।

सन् २०१२ देखि पालैपालो दुवै देशमा समन्वय बैठक आयोजना हुँदै आएका छन्। आगामी बैठक भारतमा हुनेछ।

बैठकमा नेपाल-भारत सीमा क्षेत्रको समग्र सुरक्षा स्थिति शान्तिपूर्ण कायम गर्ने कार्यमा सशस्त्र प्रहरी र सशस्त्र सीमा बलका युनिटले प्रदर्शन गरेको उच्च व्यावसायिकता र सहकार्यको सराहना गरिएको थियो।

१० लाख बढी मूल्यका अवैध कपडा बरामद

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, १३ कात्तिक

रौतहटको सदरमुकाम गौरमा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले छापा मारेर १० लाख रुपैयाँभन्दा बढी मूल्यका अवैध कपडा बरामद गरेको छ।

चाडपर्वलाई लक्षित गर्दै सीमावर्ती क्षेत्रबाट भन्सार छली गरी भित्र्याइएका अवैध सामानको कारोबार नियन्त्रण गर्न सुरक्षा निकायले निगरानी र गस्तीलाई तीव्र बनाएका बेला प्रहरीले उक्त सफलता हात पारेको हो।

विशेष सूचनाका आधारमा बिहीबार राति करिब ११ बजे गौर नगरपालिका-१ स्थित मनोज साह (छोट्का) को घरमा सुरक्षाकर्मीको संयुक्त टोलीले आकस्मिक छापा मारेको थियो। सो क्रममा भन्सार छली गरी अवैध रूपमा लुकाइछिपाइ राखिएका ठूलो परिमाणका लत्ताकपडा बरामद गरिएको स्रोतले जनाएको छ।



सशस्त्र प्रहरी बल नेपाल, ११ नम्बर गण हेडक्वार्टरका सशस्त्र प्रहरी उपरीक्षक चेतराज जोशीको विशेष निर्देशन तथा निगरानीमा उक्त संयुक्त कारबाही सञ्चालन गरिएको हो। कारबाहीका लागि सशस्त्र प्रहरी बल, गौर गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक दुर्गाप्रसाद भट्ट र भन्सार सुरक्षा गार्डको संयुक्त कमान्डमा सुरक्षाकर्मीको टोली परिचालन गरिएको थियो।

प्रारम्भिक अनुमानअनुसार बरामद गरिएका कपडाको बजार मूल्य १० लाख रुपैयाँभन्दा बढी रहेको छ। बरामद सामानको वास्तविक परिमाण, प्रकृति तथा राजस्व छलीको आधिकारिक मूल्यांकन गर्ने प्रक्रिया अगाडि बढाइएको छ। घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको सशस्त्र प्रहरी स्रोतले जनाएको छ।

तिहार तथा छठलगायतका चाडपर्वको मौका छोपी सीमावर्ती भारतीय बजारबाट भन्सार छली गरी अवैध रूपमा सामान भित्र्याउने गतिविधि बढ्न सक्ने जोखिमलाई मध्यनजर गर्दै रौतहटका विभिन्न नाका तथा सीमा क्षेत्रमा सुरक्षा निकायले चेकजाँच र गस्तीमा कडाइ गरेको छ।

बरामद गरिएका सम्पूर्ण कपडा आवश्यक कानुनी प्रक्रिया पूरा गरी थप कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको छ। जिल्लामा भन्सार छली, तस्करी तथा अन्य गैरकानुनी गतिविधि नियन्त्रण गर्न आगामी दिनमा पनि यस्ता संयुक्त सुरक्षा कारबाहीलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइने सुरक्षा निकायले जनाएको छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०४/२४ मा दर्ता भएको **दर्ता नं. १९५४८०** को **दिब्य रत्न होटल प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७९४

UAE मा रोजगार
कम्पनी: **IMDAAD LLC** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८२/०४/०४ चलानी नं.: ६०२४१२२० **LT. No.: 327385** पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners Female	0	23	स. काममा दक्ष	1000	४१४२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Cleaners Male	112	0	स. काममा दक्ष	1000	४१४२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २१ गते (7 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामना विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
Support Human Resources Pvt. Ltd. श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
Mid Baneshwor-31, Kathmandu, Nepal, Contact No : 01-4111126, 9707089500, 9802070434, 9802050422

कुवेतमा रोजगार
कम्पनी: **KUWAIT AMERICAN FOODSTUFF COMPANY** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८२/०७/१७ चलानी नं.: ६०२४६८१४ L.T. No.: 333166 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Male Cleaner (Indoor)	19	0	सम्बन्धित काममा दक्ष	90	४४,३८२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Male Cashiers	7	0		140	६९,०३९							
3.	Male Kitchen Helper	6	0		100	४९,३१४							

कम्पनी: **ALEMTIAZ ALKUWAITI LOGISTIC SERVICES CO.** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८३/०२/२९ चलानी नं.: ६०२५६७५७ L.T. No.: 343489 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Indoor Helper	50	0	सम्बन्धित काममा दक्ष	90	४४,३८२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Office Staff	20	0		125	६१,६४२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक २१ गते (7 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामना विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SHARON MANPOWER SERVICES PVT.LTD.
Govt Lic. No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901, Basant Rana : 9801026390

काठमाडौंका अतिक्रमित ३०२ रोपनी जग्गा सरकारको नाममा



काठमाडौं/मस- सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग)को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्ने क्रममा काठमाडौं महानगरपालिका-४, ५, ८, ९, १०, १२ र २९ को ३०२ रोपनी जग्गा नेपाल सरकारको नाममा ल्याइएको छ।

रावल आयोगको प्रतिवेदनमा सरकारी तथा सार्वजनिक जग्गाका रूपमा औंल्याइएका जग्गा संरक्षण तथा सरकारको नाममा कायम गर्ने निर्णयअनुसार भूमि प्रशासन कार्यालय डिल्लीबजारले काठमाडौं महानगरपालिकाका सातवटा वडाको ३०२ रोपनी जग्गाको सम्बन्धमा रावल आयोगको प्रतिवेदनअनुसारको क्षेत्रफल कट्टा गरी नेपाल सरकारको नाममा ल्याइएको हो।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गठन गरेको प्रतिवेदन कार्यान्वयन समितिले प्रतिवेदनका आधारमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको उल्लेख गरिएका कित्ताबाट अतिक्रमित भनिएको क्षेत्रफल एकमुष्ट कट्टा गरी नेपाल सरकारको नाममा ल्याउने कार्य सुरु गरेको मन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको हो।

प्रतिवेदन कार्यान्वयनका लागि प्रमुख नापी अधिकृत रमेश ज्ञवालीको संयोजकत्वमा समिति गठन गरिएको छ। समितिमा गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उपसचिव, सम्बन्धित भूमि प्रशासन तथा नापी कार्यालयका प्रमुख, स्थानीय तह समन्वय शाखा प्रमुख, भूमि व्यवस्थापन तथा अभिलेख विभागका शाखा अधिकृत तथा नापी विभागका नापी अधिकृत सदस्यसचिव रहेका छन्।

रावल आयोगले २०५२ सालमा सरकारी तथा सार्वजनिक जग्गाको अवस्था अध्ययन गरी अतिक्रमित तथा व्यक्तिका नाममा दर्ता भएका सरकारी एवं सार्वजनिक जग्गा संरक्षण गर्न सुझावसहित प्रतिवेदन दिएको थियो। सोही प्रतिवेदनलाई मन्त्रालयले लामो समयपछि कार्यान्वयनमा ल्याउँदै सरकारी तथा सार्वजनिक जग्गा सरकारको नाममा ल्याउने कार्य सुरु गरेको हो। सरकारले रावल आयोगले औंल्याएको सम्पूर्ण जग्गा छानबिन गरी सरकारको नाममा ल्याउने कार्य सुरु गरिसकेको छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०४/०२ मा दर्ता भएको **दर्ता नं. ११४१३८** को **फ्लेयर साइट प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७९४

युएईमा रोजगार
कम्पनी : **Horizon international recruitment services** शहर : **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०६/३० चलानी नं.: ६०२६२६९९ **LT. No.: 349394**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Carpenter	25	0	सम्बन्धित काममा दक्ष	1500	६२१३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Brickers (Bricklayers)	40	0		1500	६२१३०							
3.	Brick Mason	25	0		1500	६२१३०							
4.	Plumber Assistant	40	0		1500	६२१३०							
5.	RIGGERS	25	0		1500	६२१३०							
6.	building painter assistant	20	0		1500	६२१३०							
7.	.SCAFFOLDER	25	0		1500	६२१३०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २१ गते (7 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामना विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Sky Star Recruitment Pvt.Ltd. श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345,9861482956 (Sabbir Ahmed Hussain)
PO Box no: 19122, Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

नेपाल युवा संस्था सञ्जाल (आयोन)
काठमाडौं, फोन नम्बर: ०१-४१०२०६५
E-Mail : ayon@ayon.org

वार्षिक साधारणसभा तथा अधिवेशन सम्बन्धी सूचना

प्रकाशित मिति २०८३/०७/१४

मिति २०८३/०४/२७ गते आयोजना गर्ने भनिएको वार्षिक साधारणसभा आवश्यक सदस्य संस्थाहरूको न्यून उपस्थिति तथा कोरम नपुगेका कारण स्थगित भएको व्यहोरा सम्बन्धित सम्पूर्णमा सूचित गरिन्छ।

प्रचलित १५ दिने सूचना बमोजिम पुनः आयोजना हुने वार्षिक साधारणसभामा सहभागी हुन सम्पूर्ण सदस्य संस्थाहरूलाई यसै सूचनामार्फत जानकारी गराइन्छ।

नोट : कार्यसमितिको बैठकपश्चात् साधारणसभाको मिति सम्पूर्ण सदस्य संस्थाहरूलाई जानकारी गराइनेछ।

हिमालयन एग्रिकल्चर नलेज एण्ड इन्फरमेशन नेटवर्क (मुनाफा वितरण नगर्ने) को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०७/१४

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको श्री **हिमालयन एग्रिकल्चर नलेज एण्ड इन्फरमेशन नेटवर्क (मुनाफा वितरण नगर्ने) (दर्ता नं.१८११७६)** को मिति २०८३/०७/१३ गतेको विषेश सभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोहि कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क गर्नु हुँन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडि बढाइ दर्ता खारेजी गरिने छ।

लिक्वीडेटर : माधव कुवँर, प्रमाणपत्र नं.: ४४६
सम्पर्क नं.: ९८५१०२२८७१, ठेगाना : का.जि.का.म.न.पा., काठमाडौं

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७४/१२/२२ मा दर्ता भएको **प्रा.लि.नं. १८७१५६** को **बिजनेस क्लब नेपाल** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

जग्गा बिक्री सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित सूचना २०८३/०७/१४

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता कायम रहेको **ओनिक होल्डिङ्गस लिमिटेड (प.लि. दर्ता नं. १५३६४४/०७३/०७४)** को नाममा चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०२ (साविक चैनपुर गा.वि.स. वडा नं. ०८) मा रहेको कित्ता नं. ६१५ क्षेत्रफल ६६०.३३ वर्ग मिटर र किता नं. ७८५ क्षेत्रफल ३५१४.३३ वर्ग मिटर जग्गा बिक्रीमा रहेकोले जग्गा खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित मोबाइल नम्बर र इमेल ठेगानामा सम्पर्क गर्नुहोला।

ओनिक होल्डिङ्गस लिमिटेड (साविक: ओभरसिज नेपालिज इन्भेष्टमेन्ट कम्पनी (लि.)
काठमाडौं - २९, अनामनगर
फोन नं. ९८४५७४६३७४
इमेल: - oninvestmentltd@gmail.com

गरिमा म्युचूअल फण्ड
अन्तर्गत सञ्चालित खुलामुखी योजना
गरिमा सुवर्ण योजना
धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८२/१०/२१ मा योजना सञ्चालन अनुमति प्राप्त

आ.व. २०८३/८४ को अपरिष्कृत असोज मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र. सं.	विवरण	असोज मसान्त २०८३ रकम (रू.)	भदौ मसान्त २०८३ रकम (रू.)
	(क) धितोपत्र तथा अन्य क्षेत्रमा लगानी		
१	सूचीकृत शेयर	६००,८१६,८६८.५०	५०२,७५९,६२८.६०
२	ऋणपत्र	३३,७८०,०००.००	३६,६४७,०००.००
३	हकप्रद शेयर/सार्वजनिक निष्काशन/बोनश शेयर	१७,६३२,५४६.२०	२,७७६,२००.००
४	मुद्दती निक्षेप	–	–
	कुल लगानी (क)	**६५२,२२९,४१४.७०**	**५४२,१८२,८२८.६०**
	(ख) चालु सम्पत्ति		
१	बैंक मौज्दात	६३,०७६,६७६.८२	१९२,७३२,५५१.०२
२	अन्य सम्पत्ति	१,१७९,०९८.८४	७६१,२१५.०७
	जम्मा (ख)	**६४,२५५,७७५.६६**	**१९३,४९३,७६६.०९**
	(ग) चालु दायित्व		
१	भक्तानी दिनुपर्ने शुल्क	१,५५६,०६६.८३	३०,०३१,७२६.०६
२	अन्य चालु दायित्व	८,१४२.८८	१४२,३९७.८८
	जम्मा (ग)	**१,५६४,२०९.७१**	**३०,१७४,१२३.९४**
	कुल सम्पत्ति (घ=क+ख-ग)	**७१४,९२०,९८०.६५**	**७०५,५०२,४७०.७५**
	(ङ) तिर्न बाँकी कोष व्यवस्थापन शुल्क		
१	योजना व्यवस्थापक शुल्क	२,९५७,९१६.७५	२,०६०,९९३.४०
२	डिपोजिटरी शुल्क	३९४,३८८.८९	२७४,७९९.१३
३	कोष सुपरिवेक्षक शुल्क	३८९,६५२.१७	२७०,०६२.४१
	जम्मा (ङ)	**३,७४१,९५७.८१**	**२,६०५,८५४.९४**
	खुद सम्पत्ति (च=घ-ङ)	**७११,१७९,०२२.८४**	**७०२,८९६,६१५.८१**
	जम्मा जारी इकाई संख्या	७१,५६५,८६१	७१,५५६,६४६
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**९.९३**	**९.८२**

आ.व. २०८३/८४ को अपरिष्कृत असोज मसान्त सम्मको आय व्यय विवरण

क्र. सं.	विवरण	असोज मसान्त २०८३ रकम (रू.)	भदौ मसान्त २०८३ रकम (रू.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	१,१७९,०९८.८४	६६१,४३७.०३
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	१५,१५६,३१४.२२	१५,१५६,३१४.२२
	जम्मा आम्दानी	**१६,३३५,४१३.०६**	**१५,८१७,७५१.२५**
	खर्च		
१	पूर्व सञ्चालन खर्च	–	–
२	योजना व्यवस्थापक शुल्क	२,९५७,९१६.७५	१,८०९,५०४.७९
३	डिपोजिटरी शुल्क	३९४,३८८.८९	२४१,२६७.३१
४	कोष सुपरिवेक्षक शुल्क	३८९,६५२.१७	२४१,२६७.३१
५	सूचना प्रकाशन शुल्क	३०,२८४.००	२१,२४४.००
६	धितोपत्र दलाल कमिशन तथा कारोबार शुल्क	६७८,४८३.०५	३३३,५७०.५२
७	योग्य संस्थागत लगानीकर्ताको लागि आवेदन	–	–
८	लेखापरिक्षण शुल्क	–	–
९	विविध खर्च	१५२.००	२२४.००
	जम्मा खर्च	**४,४५०,८७६.८६**	**२,६४७,०७७.९३**
	कुल नाफा/(नोक्सान)	**११,८८४,५३६.२०**	**१३,१७०,६७३.३२**

नोट:
१. सूचीकृत भएका तथा सूचीकृत नभएका शेयर तथा डिबेन्चर गरी योजनाले २०८३ असोज मसान्तसम्म गरेको लगानीको परलमूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क बाहेक) **रु.६४७,८०५,६७६।५१** रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्याङ्कन नीति बमोजिम योजनाको लगानी मूल्याङ्कन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य दैनिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.garimacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण उपर नियमन निकायबाट परिवर्तनका लागि केही निर्देशन भएमा सोही बमाजिम परिवर्तन हुन सक्नेछ।

सूचीकृत धितोपत्रमा (शेयर) भएको लगानी विवरण

क्र.सं.	विवरण	संख्या (कित्ता)	जम्मा मूल्य (रु.)
	(क) वाणिज्य बैंक समूह		
१.	कुमारी बैंक लिमिटेड	९२,०१०	२१,९३५,१८४.००
२.	सानिमा बैंक लिमिटेड	४४,७०४	१७,५६४,२०१.६०
३.	नेपाल एसबिआई बैंक लिमिटेड	३२,३७६	१४,००२,६२०.००
४.	एभरेष्ट बैंक लिमिटेड	२०,०००	१४,३८०,०००.००
५.	सिद्धार्थ बैंक लिमिटेड	१९,५००	८,३९४,७५०.००
६.	नेपाल बैंक लिमिटेड	६५,५००	१९,९१८,५५०.००
७.	नबिल बैंक लिमिटेड	३०,३६५	१६,६०९,६५५.००
	जम्मा	**३०४,४५५**	**११२,८०४,९६०.६०**
	(ख) विकास बैंक समूह		
१.	शाइन रेसुङ्गा विकास बैंक लिमिटेड	२९,७७९	१२,४४७,६२२.००
	जम्मा	**२९,७७९**	**१२,४४७,६२२.००**
	(ग) जीवन बीमा कम्पनी समूह		
१.	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३२,८२०	२४,३८५,२६०.००
	जम्मा	**३२,८२०**	**२४,३८५,२६०.००**
	(घ) निर्जीवन बीमा कम्पनी समूह		
१.	हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड	२४,४७८	१०,७४५,८४२.००
२.	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	२३,१२८	१२,०९५,९४४.००
३.	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	२०,४९९	११,०६९,४६०.००
४.	प्रभु इन्स्योरेन्स कम्पनी लिमिटेड	१८,२६६	१०,८६८,२७०.००
	जम्मा	**८६,३७१**	**४४,७७९,५१६.००**
	(ङ) हाइड्रोपावर कम्पनी समूह		
१.	अपि पावर कम्पनी लिमिटेड	७४,७८७	२५,८०१,५१५.००
२.	साहस उर्जा लिमिटेड	३३,१०४	२३,१७२,८००.००
३.	सोलु हाइड्रोपावर लिमिटेड	२०,८६२	१२,८७१,८५४.००
४.	डादी ग्रुप पावर लिमिटेड	३३,७६६	१३,४३८,८६८.००
५.	सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड	१७,०००	९,७७३,३००.००
६.	ग्रीन भेन्चर्स लिमिटेड	२५,८९२	१४,१९६,५८३.६०
७.	मकर जितुमाया सुरि हाइड्रोपावर लिमिटेड	१६,१०८	६,६१२,३३४.००
८.	सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड	१५,००५	५,२७१,२५६.५०
९.	सानिगाड हाइड्रो लिमिटेड	५,१८७	२,३७१,४९६.४०
१०.	कालंगा हाइड्रो लिमिटेड	३,१८५	१,३५६,८१०.००
११.	टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेड	२,७५८	१,१९९,७३०.००
१२.	याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड	२,०१२	९०३,३८८.००
१३.	रिडी पावर कम्पनी लिमिटेड	१४,५००	५,००१,०५०.००
१४.	स्नो रिभर्स लिमिटेड	८५३	७०१,१६६.००
१५.	माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड	१,५६५	९३०,८६२.००
१६.	सुपर मादी हाइड्रोपावर लिमिटेड	६०,९५५	२९,५०२,२२०.००
१७.	हिमालय उर्जा विकास कम्पनी लिमिटेड	३८,०००	९,९१८,०००.००
	जम्मा	**३६५,५३९**	**१६३,०२३,२३३.५०**
	(च) वित्तीय संस्था समूह		
१.	मन्जुश्री फाईनान्स लिमिटेड	१३,०००	१०,०८८,०००.००
	जम्मा	**१३,०००**	**१०,०८८,०००.००**
	(छ) लघुवित्त वित्तीय संस्था समूह		
१.	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	२१,०९६	२०,६६३,५३२.००
२.	नेसनल लघुवित्त वित्तीय संस्था लिमिटेड	७,८१८	९,३८०,८१८.२०
	जम्मा	**२८,९१४**	**३०,०४४,३५०.२०**
	(ज) होटल्स तथा पर्यटन समूह		
१.	ओरियण्टल होटल्स लिमिटेड	१९,८०१	१२,७१२,२४२.००
	जम्मा	**१९,८०१**	**१२,७१२,२४२.००**
	(झ) उत्पादन तथा प्रशोधन समूह		
१.	शिवम् सिमेन्ट लिमिटेड	५७,९२६	३९,५५७,६६५.४०
२.	हिमालयन डिष्टिलरी लिमिटेड	२९,५००	३८,६१५,५००.००
३.	घोराही सिमेन्ट इन्डष्ट्रिज लिमिटेड	२५,२०४	९,५७७,५२०.००
